समृद्ध समाजको सामाजिक आधार
युवाको बल र विचार
कम्पनी दर्ता नं. २११८१३/०७५/०७६

राष्ट्, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध
जि.प्र.का. द.नं. १९९/०६४/०६५ मोरङ

# राष्ट्रिय युवा जागरण

साप्ताहिक
Rastriya Yuva Jagaran Weekly
अनलाईन संस्करणः fastmedianepal.com

वर्ष- १९, अंक-४, २०८३ साउन २७ गते बुधबार (2026, Aug. 12 Wednesday) नेपाल सम्वत ११४६ पृष्ठ संख्या - ६ मुल्य रु. १०।-

**जनहितमा जारी**

भुकम्प प्रतिरोधक घर बनाऔं । २०७२ बैशाखको जस्तो भुकम्प जुनसुकै बेला जान सक्छ । त्यसैले, घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरेर बनाऔं । नगरपालिकाबाट नक्सा पास गराऔं । इन्जिनियरको सल्लाह लिऔं । निर्माणमा तालिम प्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं । पुननिर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय समाग्री मात्र प्रयोग गरौं ।

**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, दमक, झापा

## धरानको बजेटमा फेरि किचलो, चुनावी स्वार्थले विकासको बहस ओझेलमा

◆ रायुजा डेक्स

इटहरी । गणतन्त्र स्थापनापछिको दोस्रो स्थानीय निर्वाचनबाट स्वतन्त्र उम्मेदवार हर्कराज राई साम्पाङ धरान उपमहानगरपालिकाको मेयर निर्वाचित भएयता सुरु भएको जनप्रतिनिधिबीचको राजनीतिक तथा प्रशासनिक किचलो उनको कार्यकाल सकिन लाग्दासमेत अन्त्य भएको छैन । साम्पाङ संघीय संसद्मा पुगेपछि कार्यपालिकामा दलीय प्रतिनिधिमात्रै रहँदा पनि विवाद समाधान हुनुको साटो अहिले वार्षिक बजेट नै आउन नसक्ने अवस्थामा पुगेको छ ।

कानुनतः असार १० गतेभित्र प्रस्तुत हुनुपर्ने बजेट साउनको तेस्रो साता सकिन लाग्दासमेत नगरसभामा पुग्न सकेको छैन । कार्यवाहक मेयर अइन्द्रविक्रम बेघा र विभिन्न दलबाट निर्वाचित वडाध्यक्षबीच बजेटको प्राथमिकता, रकम विनियोजन र अधिकारको प्रयोगलाई लिएर मतभेद बढेपछि कार्यपालिका बैठक तथा नगरसभा अनिश्चित बनेका छन् ।

विवाद समाधानका लागि बसेका बैठकहरू सहमतिमा पुग्नुको साटो जनप्रतिनिधि एकअर्कामाथि आरोप(प्रत्यारोपमा उत्रिएका छन् । कार्यवाहक मेयर बेघाले केही वडाध्यक्षले सहमति कार्यान्वयन नगरेको, बजेट निर्माणमा अवरोध गरेको तथा नगरवासीका योजनासमेत कटौती गर्न दबाब दिएको आरोप लगाएका छन् । जवाफमा वडाध्यक्षहरूले भने कार्यवाहक मेयरले समन्वयकारी र अभिभावकीय भूमिका निर्वाह गर्न नसकेको दाबी गरेका छन् ।



पाँच करोडमै पेच

हालको विवादको केन्द्रमा सहकारी व्यवस्थापनका लागि प्रस्ताव गरिएको पाँच करोड रुपैयाँ देखिएको छ। कार्यवाहक मेयर बेघाले संकटग्रस्त सहकारी व्यवस्थापनका लागि पाँच करोड रुपैयाँ बजेट छुट्याउनुपर्ने अडान राखेको वडाध्यक्षहरूको भनाइ छ। उक्त रकम आफूले आवश्यकताअनुसार परिचालन गर्न सक्ने गरी राख्न खोजिएको आरोपसमेत उनीहरूले लगाएका छन् ।

वडाध्यक्षहरू भने उक्त रकम घटाएर सम्बन्धित वडाका विकास योजनामा विनियोजन गर्नुपर्ने पक्षमा छन् । धरान-१८ का वडाध्यक्ष नरेन्द्रकुमार राईका अनुसार कार्यवाहक मेयरले नगर गौरवका योजनामा ११ करोड, नगर प्रमुख भिजनमा तीन करोड, सडक मर्मतमा चार करोड र विपद् व्यवस्थापनमा दुई करोड रुपैयाँलगायतका शीर्षकमा बजेट राख्न दबाब दिएका छन् ।

धरान-१५ का वडाध्यक्ष **जाऔं अन्तिम पृष्ठ**

## ग्यास वितरणमा चरम लापरवाही

# अनुगमन तीव्र, अनलाइन ट्र्याकिङ प्रणाली बनाउँदै सरकार

◆ खगेन्द्र कार्की

विराटनगर । बजारमा खाना पकाउने एलपी ग्यासको अभाव देखिएपछि सरकारले आपूर्ति, ढुवानी र वितरण प्रणालीलाई पारदर्शी बनाउन अनलाइन ट्र्याकिङ प्रणाली निर्माण गर्ने भएको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले ग्यास कहाँबाट आयात भयो, कुन उद्योगमा पुग्यो र डिलर हुँदै उपभोक्तासम्म कसरी वितरण भयो भन्ने विवरण अनुगमन गर्न सकिने प्रणाली बनाउन लागिएको बताएकी हुन् ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित संरक्षण समितिको बुधबारको बैठकमा मन्त्री यादवले हाल ग्यासको विवरण संकलन तथा सार्वजनिक गर्न गुगल फारम प्रयोग गर्न थालिएको जानकारी दिइन् । उनले साउन २८ गतेदेखि सिंहदरबारमा खाद्यको स्टल सञ्चालन गरी खाद्यान्न बिक्री वितरण गर्ने तयारी रहेको पनि बताइन् ।

नेपाल आयल निगमका प्रबन्ध निर्देशक नागेन्द्र साहले एक साताभित्र ग्यासको आपूर्ति सहज हुने दाबी गरे । उनका अनुसार मंगलबार मात्रै १३४ बुलेट एलपी ग्यास नेपाल भित्रिएको छ। साउन २६ गतेसम्म ३४ लाख ग्यास सिलिन्डर आयात भइसकेको उनले बताए।



तर आयात नियमित रहेको सरकारी दाबीका बीच विभिन्न स्थानमा ग्यास लुकाउने, कम तौलमा बिक्री गर्ने र बढी मूल्य असुल्ने गरेको भेटिएको छ । मोरङको बुधिगंगा-४ स्थित कोशी ग्यास उद्योगमा गरिएको अनुगमनका क्रममा १४३ भरिएका सिलिन्डरमध्ये ६४ वटाको तौल परीक्षण गर्दा एउटामा १३.७४४ किलो मात्रै ग्यास भेटिएको थियो । कम तौलको ग्यास बिक्री गरेको भन्दै उद्योगलाई २ लाख ९० हजार रुपैयाँ जरिवाना गरिएको छ। बाँकी ६३ सिलिन्डरमाथि पनि कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइएको प्रशासनले जनाएको छ।

अनुगमनमा १० खाली सिलिन्डरमध्ये नौ वटामा तोकिएकोभन्दा १०० देखि १५० ग्रामसम्म बढी तौल भेटिएको थियो। यसले उद्योगबाट वितरण भएका सिलिन्डरमा कम तौलको ग्यास राखिएको हुनसक्ने आशंका प्रशासनले गरेको छ।

बाँकेको नेपालगन्ज-११ मा १३ वटा सिलिन्डर लुकाएर राखेको भेटिएपछि एक किराना पसललाई ५० हजार रुपैयाँ जरिवाना गरिएको छ। भक्तपुरको दुवाकोटमा प्रतिसिलिन्डर ७ हजार रुपैयाँसम्ममा बिक्री गरेको आरोपमा एक पसल सञ्चालक पक्राउ परेका छन् । काठमाडौं उपत्यकाका विभिन्न स्थानमा पनि बजार अनुगमन तीव्र पारिएको छ ।

नेपाल आयल निगमले भने ग्यासको आयातमा कमी नभएको जनाएको छ। निगमका अनुसार पछिल्लो २२ दिनमा ३९ हजार ७७४ मेट्रिक टन एलपी ग्यास आयात भएको छ। चालु साउनमा करिब ५५ हजार मेट्रिक टन ग्यास आयात हुने अनुमान छ। गत वर्षको सोही अवधिमा ४४ हजार ३१८ मेट्रिक टन ग्यास आयात भएको थियो ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता **जाऔं अन्तिम पृष्ठ**

## इटहरीका नागरिकलाई नोबेलमा उपचार गर्दा २० प्रतिशतसम्म छुट



इटहरी । इटहरी उपमहानगरपालिकाका स्वास्थ्य बीमा गरेका सेवाग्राही तथा विपन्न नागरिकले विराटनगरस्थित नोबेल मेडिकल कलेज टिचिङ हस्पिटलमा उपचार गराउँदा शल्यक्रियासहित विभिन्न स्वास्थ्य सेवामा २० प्रतिशतसम्म छुट पाउने भएका छन् ।

इटहरी उपमहानगरपालिका र नोबेल मेडिकल कलेजबीच नागरिकलाई सहज र सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सम्झौता भएपछि यस्तो सुविधा उपलब्ध हुने भएको हो ।


सम्झौताअनुसार इटहरी उपमहानगरपालिकाको सिफारिसमा उपचारका लागि आउने कोशी प्रदेशका बिरामीले समेत सम्झौतामा उल्लेखित उपचार सुविधा प्राप्त गर्नेछन् ।

उपमहानगरपालिकाका मेयर हेमकर्ण पौडेलले नागरिकलाई उपचारमा सहज पहुँच र आर्थिक भार कम गर्ने उद्देश्यले नोबेल मेडिकल कलेजसँग सहकार्य गरिएको बताए । **जाऔं अन्तिम पृष्ठ**

## संरक्षण र प्रचारको अभावमा जीर्ण बन्दै ठेकी र मेलमिलाप पार्क

इटहरी । तेह्रथुमको बसन्तपुरबाट केही किलोमिटर दूरीमा सखुवासभाको धर्मदेवी नगरपालिका(३ ओखेमा रहेका दुई पर्यटकीय पार्क संरक्षण र प्रचार-प्रसारको अभावमा जीर्ण बन्दै गएका छन् । बसन्तपुर-सखुवासभा सडकखण्डअन्तर्गत देउराली क्षेत्रनजिक गित्रेमा रहेको ठेकी पार्क र खर्कमा रहेको मेलमिलाप पार्क निर्माणपछि उचित संरक्षण र व्यवस्थापन नहुँदा ओझेलमा परेका हुन् ।

स्थानीय कला, संस्कृति र मौलिक पहिचान झल्काउने उद्देश्यले निर्माण गरिएका पार्कमा कलात्मक शैलीका ठेकी, स्तम्भ तथा मानव आकृतिका संरचना निर्माण गरिएका छन् । तर नियमित



मर्मतसम्भार, सरसफाइ र प्रचार( प्रसार नहुँदा संरचनामा क्षति पुग्न थालेको छ । पार्क परिसरमा झाडी बढेको छ भने संरचनामा गरिएको रङरोगनसमेत उडिसकेको छ ।

कतिपय संरचना भत्किने अवस्थामा पुगेका छन् । पार्कको सौन्दर्य क्रमशः हराउँदै जाँदा निर्माणका बेला आकर्षण बनेका यी स्थल अहिले स्थानीयबाहेक बाहिरी पर्यटकको रोजाइमा पर्न सकेका छैनन् ।

स्थानीयका अनुसार मुख्य सडकबाटै पार्कको पर्याप्त जानकारी दिने सूचना तथा होर्डिङ बोर्ड **जाऔं अन्तिम पृष्ठ**

**धरान** ....नरेश इङ्वारमले मेयर कोषमा डेढ करोड रुपैयाँभन्दा बढी राख्न नहुने प्रस्ताव गरे पनि त्यसमा सहमति हुन नसकेको बताएका छन् ।

**'अन्तिम कार्यकाल'को दबाब**

यसपटकको बजेट विवादलाई विगतका विवादभन्दा फरक बनाउने अर्को पक्ष हो-यो जनप्रतिनिधिहरूको कार्यकालको अन्तिम बजेट हो । त्यसैले विकासका योजनासँगै आगामी निर्वाचनलाई लक्षित गरेर बजेटमा आफ्नो प्रभाव क्षेत्र बलियो बनाउने प्रतिस्पर्धा बढेको आरोप लाग्न थालेको छ ।

सहप्राध्यापक डा. राजेन्द्र शर्माको विश्लेषणमा यही कारण अहिलेको विवाद बजेटको आकार वा धरानको दीर्घकालीन विकासभन्दा पनि आफूअनुकूल रकम विनियोजन गर्ने विषयमा केन्द्रित भएको छ । जनप्रतिनिधिहरूले धरानको दीर्घकालीन विकास, गौरवका आयोजना, सेवा प्रवाह र नगरवासीका आवश्यकतामाथि बहस गर्नुपर्नेमा आगामी निर्वाचनमा मत प्रभावित पार्ने योजनालाई प्राथमिकता दिएको उनको बुझाइ छ ।

**साम्पाङको कार्यकालदेखि नै विवाद**

धरानमा जनप्रतिनिधिबीचको असमझदारी नयाँ होइन । स्वतन्त्र उम्मेदवारका रूपमा हर्कराज साम्पाङ मेयर निर्वाचित भएपछि कार्यपालिकामा रहेका दलीय वडाध्यक्षसँग उनको सम्बन्ध सुरुदेखि नै तनावपूर्ण रह्यो । नगरसभा, बजेट, योजना छनोट र कार्यपालिकाको निर्णय प्रक्रियालाई लिएर पटक-पटक विवाद सार्वजनिक भए ।

साम्पाङले परम्परागत दलीय संरचनाभन्दा फरक ढंगले उपमहानगर सञ्चालन गर्ने प्रयास गरे । तर कार्यपालिकामा बहुमत रहेका दलीय जनप्रतिनिधिसँग उनको कार्यशैली र निर्णय प्रक्रियामा मतभेद भइरह्यो । कतिपय अवस्थामा कार्यपालिका बैठकदेखि नगरसभा सञ्चालनसम्म विवाद देखियो । सामाजिक सञ्जाल र पत्रकार सम्मेलनमार्फत जनप्रतिनिधिबीच आरोप-प्रत्यारोपसमेत चल्यो ।

साम्पाङ अहिले संघीय सांसद भइसकेका छन् । तर उनले सुरु गरेको कार्यशैली र त्यसबाट उत्पन्न राजनीतिक ध्रुवीकरणको प्रभाव भने धरानको स्थानीय शासनमा अझै देखिएको छ । उनको अनुपस्थितिमा कार्यवाहक मेयरको जिम्मेवारी सम्हालेका बेघा पनि अहिले वडाध्यक्षकै घेराबन्दीमा परेका छन् ।

बजेटभन्दा ठूलो प्रश्न शासनको

धरानको अहिलेको विवाद पाँच करोड वा केही योजनामा रकम विनियोजनको विषयमा मात्र सीमित छैन । यसले स्थानीय सरकारभित्र अधिकारको सीमा, समन्वय, पारदर्शिता र सामूहिक निर्णय प्रक्रियाको अभ्यास कति कमजोर छ भन्ने प्रश्नसमेत उठाएको छ ।

स्थानीय सरकार सञ्चालनको मूल उद्देश्य नागरिकलाई प्रभावकारी सेवा दिनु र उपलब्ध स्रोतलाई प्राथमिकताका आधारमा परिचालन गर्नु हो । तर धरानमा बजेट निर्माणकै विषयमा जनप्रतिनिधि विभाजित हुँदा नगरवासीले पाउनुपर्ने सेवा, विकास आयोजना र प्रशासनिक काम प्रभावित हुने जोखिम बढेको छ ।

वडाध्यक्षहरू कार्यवाहक मेयरले आर्थिक विकास समितिको अधिकारमा हस्तक्षेप गरेको आरोप लगाइरहेका छन् भने बेघा आफूलाई बजेट निर्माणमा असहयोग गरिएको बताइरहेका छन् । दुवै पक्षका दाबीको स्वतन्त्र पुष्टि हुन बाँकी भए पनि विवाद समाधानको सट्टा सार्वजनिक आरोप(प्रत्यारोपतर्फ जानुले समस्या झन् गहिरिँदै गएको देखिन्छ ।

धरानको अहिलेको संकटले एउटा महत्वपूर्ण प्रश्नसमेत खडा गरेको छ-स्थानीय तहका जनप्रतिनिधिले आफ्नो अन्तिम कार्यकालको बजेटलाई आगामी निर्वाचनको तयारीका रूपमा प्रयोग गर्ने कि नगरको दीर्घकालीन आवश्यकताको दस्तावेजका रूपमा ?

धरानले यसको जवाफ व्यवहारबाट दिनुपर्ने अवस्था आएको छ । किनकि बजेटविहीनताको भार अन्ततः मेयर, वडाध्यक्ष वा राजनीतिक दलले होइन, धरानका नागरिकले नै बेहोर्नुपर्नेछ ।

**अनुगमन**....संरक्षण विभागले उपभोक्ताले आवश्यकताभन्दा बढी सिलिन्डर सञ्चय गर्दा पनि बजारमा अभाव देखिएको जनाएको छ । होटल तथा रेस्टुराँले नियमित ग्राहकका नाममा ठूलो परिमाणमा ग्यास पाउने गरेको अनुगमनमा भेटिएको विभागको भनाइ छ । नेपाल एलपी ग्यास उद्योग संघले पनि पर्याप्त आयात भइरहेकाले उपभोक्तालाई अनावश्यक रूपमा सिलिन्डर 'होल्ड' नगर्न आग्रह गरेको छ ।

**दमकमा वितरण प्रणाली व्यवस्थित गर्ने तयारी**

झापाको दमकमा पनि ग्यास अभाव देखिएपछि नगरपालिकाले आपूर्ति तथा वितरण प्रणाली व्यवस्थित गर्न सरोकारवालासँग छलफल गरेको छ । नगर प्रमुख रामकुमार थापाको अध्यक्षतामा भएको छलफलले साउन २७ गतेदेखि ग्यास वितरणको अनुगमन गर्ने निर्णय गरेको छ ।

नगर प्रमुख थापाले ग्यास अभावबाट विशेषगरी डेरामा बस्ने विद्यार्थी, बिरामी तथा ज्येष्ठ नागरिक प्रभावित भएको गुनासो आउने गरेको बताए । उद्योगबाट डिलर हुँदै उपभोक्तासम्म ग्यास पुग्ने प्रक्रियामा समस्या पहिचान गरी समाधान गर्नुपर्ने उनको भनाइ छ ।

ग्यास व्यवसायीहरूले भने उद्योगबाटै अपेक्षित परिमाणमा ग्यास प्राप्त हुन नसकेको बताएका छन् । ग्यास विक्रेता संघ झापाका उपाध्यक्ष टंक ढकाल र दमकका अध्यक्ष तिलक डाँगीले आपूर्ति तहको समस्याले डिलरसमेत प्रभावित भएको बताए । कतिपय अवस्थामा पहुँचका आधारमा ग्यास उपलब्ध गराउन दबाब आउने गरेको उनीहरूको भनाइ छ ।

दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईंले ग्यास अभावलाई व्यवसायीको मात्र समस्या मान्न नहुने बताए । उद्योग, आपूर्तिकर्ता, व्यवसायी, प्रशासन र स्थानीय तहबीच समन्वय आवश्यक रहेको उनको भनाइ छ ।

नगरपालिकाले ग्यास लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने वा कालोबजारी गरेको पाइए कानुनअनुसार कारबाही गर्ने जनाएको छ । उत्पादक कम्पनीलाई डिलरबाहेक अनधिकृत व्यक्तिलाई ग्यास उपलब्ध नगराउनसमेत आग्रह गरिएको छ ।

**इटहरी**....स्वास्थ्य उपचारका क्रममा नागरिकले आर्थिक समस्या भोग्न नपरोस् र सहज रूपमा गुणस्तरीय सेवा पाउन सकून् भन्ने उद्देश्यले सम्झौता गरिएको उनको भनाइ छ ।

उपमहानगरपालिकाले नागरिकको स्वास्थ्य र उपचारमा पहुँचलाई प्राथमिकतामा राख्दै गरिएको सहकार्यलाई 'स्वस्थ नागरिक, समृद्ध इटहरी' अभियानको महत्वपूर्ण कदमका रूपमा लिएको जनाएको छ ।

उपमहानगरपालिकाका अनुसार आगामी दिनमा पनि नागरिकलाई गुणस्तरीय र सहज स्वास्थ्य सेवा उपलब्ध गराउन विभिन्न स्वास्थ्य संस्थासँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

यसैगरी, मोरङको बुढीगंगा गाउँपालिकाका बासिन्दालाई पनि विभिन्न उपचार सेवामा २० प्रतिशतसम्म छुट दिने भएको छ ।

विराटनगर महानगरपालिका-४ स्थित नोबेल मेडिकल कलेज र बुढीगंगा गाउँपालिकाबीच भएको सम्झौताअनुसार गाउँपालिकाको सिफारिसमा उपचारका लागि आउने बिरामीले सरकारी स्वास्थ्य उपचार योजना उपयोग गरिसकेपछि थप उपचार खर्चमा छुट पाउने भएका हुन् । यो सुविधा स्वास्थ्य बीमामा आबद्ध तथा बीमा निष्क्रिय रहेका बिरामीलाई समेत उपलब्ध हुने जनाइएको छ ।

सम्झौताअनुसार स्वास्थ्य बीमा, आमा सुरक्षा, विपन्न नागरिक औषधि उपचार कोषलगायत सरकारी कार्यक्रमबाट प्राप्त सुविधा उपयोग गरेपछि भर्ना शुल्कसहितका उपचार सेवामा २० प्रतिशत छुट दिइनेछ । छुट लिन गाउँपालिकाको सिफारिस, नागरिकताको प्रतिलिपि तथा १६ वर्षमुनिका बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि आवश्यक पर्नेछ ।

कोशी प्रदेशका अन्य स्थानीय तहबाट सिफारिस भई आउने बिरामीले पनि यही सुविधा पाउनेछन् । तर त्यस्ता बिरामीले नोबेलमा प्रारम्भिक जाँच गराएको कागजात र थप उपचारका लागि रेफर गरिएको विवरण पेस गर्नुपर्नेछ ।

सम्झौताअनुसार आइभीएफ, प्लास्टिक तथा कस्मेटिक सर्जरी, केबिन उपचार, औषधि, इम्प्लान्ट, सर्जिकल तथा अन्य उपभोग्य सामग्रीमा भने छुट लागू हुने छैन ।

साउन २५ गतेदेखि लागू भएको सम्झौता २०८४ असार मसान्तसम्म कायम रहनेछ । नोबेलका महाप्रबन्धक दिपेश राईले सामाजिक उत्तरदायित्वअन्तर्गत स्वास्थ्य सेवामा पहुँच सहज बनाउन सम्झौता गरिएको बताए । गाउँपालिका अध्यक्ष जितनारायण थापा मगरले सम्झौताले विशेषगरी स्वास्थ्य बीमामा आबद्ध नागरिकको उपचार खर्च घटाउन सहयोग पुग्ने बताए ।

**संरक्षण**....नराखिएकाले यात्रु तथा पर्यटकलाई पार्कबारे जानकारी लिनसमेत कठिन हुने गरेको छ । संरक्षण र प्रचारमा ध्यान दिन सके यी स्थललाई स्थानीय पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास गर्न सकिने उनीहरूको भनाइ छ ।

स्थानीय तहले पार्कको अवस्थाबारे अध्ययन गरी तत्काल मर्मतसम्भार, सरसफाइ र संरक्षणको काम अघि बढाउनुपर्ने स्थानीयको माग छ । भौतिक संरचना निर्माण गरेर मात्रै पर्यटकीय गन्तव्य विकास नहुने भन्दै उनीहरूले निर्माण भएका सम्पदाको नियमित व्यवस्थापन र प्रचार-प्रसारमा समेत ध्यान दिनुपर्ने बताएका छन् ।

समयमै संरक्षण नगरिए मौलिक पहिचान बोकेका संरचना केही वर्षमै भग्नावशेषमा परिणत हुने जोखिम रहेको स्थानीयको चिन्ता छ ।

QR CODE SET
WEBSITE
www.fastmedianepal.com
ePAPER
www.fastmedianepal.com/epaper
FACEBOOK
facebook.com/yuvajagarannews
YOUTUBE
youtube.com/@FastmediaNepal
EMAIL SIGNATURE
युवा जागरण मिडिया प्रा.लि.
— सत्य, साहस र युवाको आवाज —
9862144975
news.yuvajagarn@gmail.com
fastmedianepal@gmail.com
www.fastmedianepal.com
facebook.com/yuvajagarannews
youtube.com/@FastmediaNepal
www.fastmedianepal.com/epaper

## चर्चामा यो साता

- **बालेन्द्र शाह** – प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा सरकार सञ्चालन, युवाको अपेक्षा र सरकारका कामकारबाही साताभर राजनीतिक चर्चाको केन्द्रमा रहे । उनी यसअघि स्वतन्त्रबाट काठमाडौं महानगरको मेयर हुँदै प्रधानमन्त्री बनेका हुन् ।
- **रवि लामिछाने** – राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले युवा नेतृत्व, सरकारको कार्यसम्पादन र राजनीतिक जिम्मेवारीबारे दिएको अभिव्यक्ति चर्चामा रह्यो ।
- **शेरबहादुर देउवा** – पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा लामो समयपछि सार्वजनिक कार्यक्रममा सहभागी हुन काठमाडौं फर्किने विषयले राजनीतिक वृत्तमा चर्चा पायो । उनको स्वागतका लागि सुदूरपश्चिमबाट कांग्रेस नेता-कार्यकर्ता काठमाडौं आएका थिए ।
- **हिक्मतकुमार कार्की** – कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की प्रदेशको सत्ता समीकरण, कांग्रेसका मन्त्रीहरूको बहिर्गमन र एमाले-नेकपा सहकार्यका कारण चर्चामा रहे । सरकारमा नयाँ राजनीतिक समीकरण निर्माणको प्रक्रिया उनको नेतृत्वमै अघि बढिरहेको छ ।
- **इन्द्रबहादुर आङ्बो** – नेकपाका नेता इन्द्र आङ्बो कोशी प्रदेशमा एमालेसँगको सत्ता सहकार्य, मन्त्रालय बाँडफाँट र न्यूनतम साझा कार्यक्रम निर्माणका विषयमा भएको छलफलका कारण चर्चामा रहे ।
- **गौरीकुमारी यादव** – उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादव खाना पकाउने एलपी ग्यासको अभाव, आपूर्ति व्यवस्थापन र अनलाइन ट्र्याकिङ प्रणाली निर्माण गर्ने सरकारको तयारीका कारण चर्चामा रहिन् ।
- **मनिष थापा** – कोशी प्रदेशमा सुरक्षा व्यवस्थापन तथा सशस्त्र प्रहरीको भूमिकाका विषयमा सक्रिय रहेका सशस्त्र प्रहरी नायब महानिरीक्षक मनिष थापा झापाको ३८ नम्बर रिजर्भ गणको स्थापना दिवसमा दिएको निर्देशनका कारण चर्चामा रहे ।
- **हर्कराज राई 'साम्पाङ'** – धरानको बजेट विवाद र स्थानीय तहमा जनप्रतिनिधिबीचको राजनीतिक किचलोको प्रसंगमा पूर्वमेयर तथा हाल संघीय सांसद हर्कराज राई साम्पाङको कार्यकाल फेरि चर्चामा आयो । धरानमा अहिले पनि उनको कार्यकालमा सुरु भएको राजनीतिक विवादको प्रभाव देखिएको विश्लेषण भइरहेको छ ।
- **हेमकर्ण पौडेल** – इटहरीका मेयर हेमकर्ण पौडेल स्थानीय नागरिकलाई उपचारमा सहुलियत दिलाउन नोबेल मेडिकल कलेजसँग गरिएको २० प्रतिशतसम्म छुटको सम्झौताका कारण चर्चामा रहे ।
- **खगेन्द्र सुनार** – राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद खगेन्द्र सुनारले प्रहरीभित्रको खरिद प्रक्रिया, अनियमितता तथा प्रहरी महानिरीक्षकको निवासमा भएको भनिएको चोरी प्रकरणबारे उच्चस्तरीय छानबिनको माग गरेपछि चर्चामा रहे ।
- **साताको समग्र 'चर्चित व्यक्ति'मा प्रधानमन्त्री बालेन्द्र शाह, रवि लामिछाने, शेरबहादुर देउवा र कोशीका मुख्यमन्त्री हिक्मतकुमार कार्की राजनीतिक रुपमा सबैभन्दा बढी देखिएका नाम हुन् भने गौरीकुमारी यादव, हेमकर्ण पौडेल र खगेन्द्र सुनार आ-आफ्ना क्षेत्रका मुद्दाका कारण चर्चामा रहे ।**

## पाठकको पूर्पुरो

ज्योतिष
आशिष नेपाल

**मेषः** नयाँ कामको अवसर मिल्नेछ, आर्थिक लाभ बढ्नेछ र पारिवारिक सहयोग प्राप्त हुनेछ।

**वृषः** काममा जिम्मेवारी बढ्नेछ, आम्दानीका नयाँ बाटा खुल्नेछन्, स्वास्थ्यमा सामान्य सावधानी आवश्यक हुनेछ।

**मिथुनः** प्रतिस्पर्धामा सफलता मिल्नेछ, व्यापारमा सुधार आउनेछ र आफन्तसँगको सम्बन्ध सुमधुर बन्नेछ।

**कर्कटः** रोकिएका काम अघि बढ्नेछन्, आर्थिक अवस्था सुधारिनेछ, पारिवारिक निर्णयमा समझदारी अपनाउनु राम्रो हुनेछ।

**सिंहः** सामाजिक प्रतिष्ठा बढ्नेछ, नयाँ जिम्मेवारी प्राप्त हुनेछ र महत्वपूर्ण व्यक्तिबाट सहयोग मिल्ने सम्भावना छ।

**कन्याः** मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ, रोजगारीमा अवसर बढ्नेछन् र आर्थिक योजना सफल बन्नेछन्।

**तुलाः** नयाँ सम्पर्कबाट लाभ मिल्नेछ, व्यापारिक काममा प्रगति हुनेछ र पारिवारिक वातावरण सकारात्मक रहनेछ।

**वृश्चिकः** कार्यक्षेत्रमा सफलता र सम्मान प्राप्त हुनेछ, पुराना योजना अघि बढ्नेछन्, आर्थिक लाभको सम्भावना छ।

**धनुः** यात्राको अवसर आउन सक्छ, नयाँ काममा सफलता मिल्नेछ र रोकिएको आर्थिक कारोबार अघि बढ्नेछ।

**मकरः** जिम्मेवारी बढे पनि मेहनतको प्रतिफल पाइनेछ, आर्थिक लाभ हुनेछ र काममा स्थायित्व आउनेछ।

**कुम्भः** नयाँ अवसर प्राप्त हुनेछन्, सामाजिक सम्बन्ध विस्तार हुनेछ र योजनाबद्ध कामबाट राम्रो उपलब्धि हासिल हुनेछ।

**मीनः** सिर्जनात्मक काममा सफलता मिल्नेछ, आर्थिक पक्ष बलियो बन्नेछ र परिवारबाट महत्वपूर्ण सहयोग प्राप्त हुनेछ।

**भाषण र प्रवचन सुनेका भरमा न आत्मिक उन्नति हुन्छ न आत्मकल्याण नै। उन्नति र प्रगतिका लागि पौरख गर्नुपर्ने हुन्छ, हात गोडा चलाउनुपर्ने हुन्छ। बलवीर्य र पराक्रम बिना संसारमा केही पनि उपलब्धि हुने वाला छैन। - कठोपनिषद्**

युवा जागरण मिडिया प्रा.लि. द्वारा प्रकाशित
राष्ट्रिय युवा जागरण साप्ताहिक — राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध
प्रधान सम्पादक : खगेन्द्र कार्की
डेस्क प्रमुख : सुप्रिया राई, संवाददाता सृजना कार्की
कानुनी सल्लाहकार : केदार कार्की (अधिवक्ता/कानुन व्यवसायी)
साजसज्जा : राष्ट्रिय युवा जागरण डेस्कटप
कार्यालय : विराटनगर, बरगाछी मोरङ,
मुद्रण: सामुदायिक अफसेट प्रेस, इटहरी
सम्पर्क : मोबाइल नं. ९८६२१४४९७५,
इटहरी कार्यालय : इटहरी-८, सुनसरी
फोन नं. ०२५-५८८६३२, मोबाइल नं. ९८६२१४४९७५
इमेल : yuvajagaranmedia@gmail.com
Website: fastmedianepal.com
Facebook : Rastriya yuva Jagaran Online Patrika

## सम्पादकीय

# प्रतिबद्धतामाथि प्रश्न, व्यवहारमा पुरानै राजनीति

लोकतन्त्रमा सरकारको मूल्याङ्कन उसका भाषण, घोषणापत्र वा साझा न्यूनतम कार्यक्रमले होइन, व्यवहार र निर्णयले हुन्छ । सरकार गठनका बेला सुशासन, पारदर्शिता, मितव्ययिता, आर्थिक सुधार र राजनीतिक स्थायित्वका प्रतिबद्धता सार्वजनिक गरिएका थिए । जनताले पनि ती प्रतिबद्धतालाई विश्वास गर्दै स्थिर सरकारको पक्षमा मत दिएका थिए । तर पछिल्ला केही महिनाका गतिविधिले सरकार आफ्नै वाचाबाट क्रमशः टाढिँदै गएको संकेत दिएका छन् । प्रतिबद्धता एउटा र व्यवहार अर्को भएपछि सरकारको विश्वसनीयतामाथि प्रश्न उठ्नु स्वाभाविक हो । आज सरकार परिवर्तन, मन्त्री हेरफेर वा सत्ता समीकरणका विषयमा हुने छलफल संसद् वा सरकारी कार्यालयभन्दा बढी होटल र रिसोर्टमा केन्द्रित देखिन्छ । सुशासनको नारा दिने नेताहरु नै सार्वजनिक उत्तरदायित्वका विषय बन्द कोठामा टुङ्ग्याउन अभ्यस्त बन्दै गएका छन् । यसले लोकतान्त्रिक प्रक्रियामाथि मात्र प्रश्न उठाएको छैन, जनतामा राजनीतिक नेतृत्वप्रतिको विश्वास पनि कमजोर बनाएको छ । जनताको करबाट सञ्चालित राज्यका जिम्मेवार पदाधिकारीले मितव्ययिताको उपदेश दिने, तर व्यवहारमा खर्चिलो राजनीतिक संस्कारलाई निरन्तरता दिने प्रवृत्ति स्वीकार्य हुन सक्दैन ।


पहिले सरकार अस्थिर हुनुको कारण अंकगणित थियो । गठबन्धनमा आवश्यक संख्या नपुग्दा सरकार फेरिन्थ्यो, मन्त्री परिवर्तन हुन्थे । त्यसलाई राजनीतिक बाध्यता भनेर बुझ्ने ठाउँ थियो । तर अहिले दुई तिहाइको बलियो सरकार हुँदा पनि केही महिनाको अन्तरालमै मन्त्री हेरफेर भइरहनु स्थायित्वको वाचामाथिको गम्भीर प्रश्न हो । यदि बलियो बहुमतले पनि स्थिर सरकार दिन सक्दैन भने जनताले दिएको जनादेशको अर्थ के रह्यो? सरकार परिवर्तन होइन, शासन शैली परिवर्तनको अपेक्षा गरेका नागरिक आज निराश देखिन थालेका छन् । सरकारले एकातिर राज्य खर्च घटाउने कुरा गर्छ । मन्त्रालयको संख्या घटाउने, प्रशासनिक संरचनामा पुनरावलोकन गर्ने, करको दायरा विस्तार गर्ने र आर्थिक अनुशासनको आवश्यकता औँल्याउने काम गरिरहेको छ । तर अर्कोतर्फ सबै सांसदलाई स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेर राज्यकोषमा थप व्ययभार सिर्जना गरिन्छ । जब भान्सादेखि शिक्षा, स्वास्थ्य र दैनिक उपभोगका सामग्रीमा कर बढाइन्छ, त्यही बेला राज्यका अनावश्यक सुविधा विस्तार गरिनु नीति र व्यवहारबीचको विरोधाभास हो । खर्च कटौतीको सुरूवात सरकार आफैंबाट हुनुपर्छ भन्ने सामान्य सिद्धान्तसमेत बिर्सनु उचित होइन ।

अर्थतन्त्र सुधार सरकारको प्राथमिक कार्यसूचीमध्ये एक थियो । करका दर हेरफेरले विवाद जन्माए पनि समग्र आर्थिक व्यवस्थापनमा ठूलो संकट देखिएको थिएन । यस्तो अवस्थामा अर्थ मन्त्रालयको नेतृत्व परिवर्तनलाई सरकारले स्पष्ट रुपमा न्यायोचित बनाउन सकेको छैन । मन्त्री परिवर्तन सरकारको अधिकार हो, तर त्यसको आधार योग्यता, कार्यसम्पादन र नीतिगत आवश्यकता हुनुपर्छ । यदि राजनीतिक सन्तुलन मिलाउन मात्र मन्त्रालयको नेतृत्व परिवर्तन गरिन्छ भने त्यसले प्रशासनिक निरन्तरता र नीतिगत स्थायित्व दुवैलाई कमजोर बनाउँछ । अझ सबै निर्णय अन्ततः प्रधानमन्त्रीकै तहबाट हुने हो भने मन्त्री परिवर्तनको औचित्यबारे प्रश्न उठ्नु अस्वाभाविक होइन । परिवर्तनको नारासहित उदाएका दलहरुप्रति जनताको अपेक्षा अझ बढी हुन्छ । उनीहरुबाट पुराना राजनीतिक संस्कार दोहोरिने होइन, नयाँ राजनीतिक संस्कृति स्थापित हुने आशा गरिन्छ । तर यदि उनीहरुले पनि आफ्नालाई काखा र अरुलाई पाखा लगाउने, आफ्नो पक्षमा पर्दा मौन बस्ने र विपक्षमा पर्दा मात्र नैतिकताको पाठ पढाउने शैली अपनाउँछन् भने उनीहरु पुराना दलभन्दा फरक देखिने आधार कमजोर बन्छ । जनताले विकल्प खोजेका थिए, पुरानै प्रवृत्तिको नयाँ आवरण होइन ।

राजनीतिक नेतृत्वले बुझ्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा के हो भने जनताको धैर्य असीमित हुँदैन । नागरिकले सरकारलाई काम गर्ने समय दिन्छन्, तर परिणाम पनि खोज्छन् । उनीहरु कर तिर्छन् भने त्यसको प्रतिफलमा सुशासन, सेवा प्रवाह र उत्तरदायी शासन चाहन्छन् । यदि सरकार सत्ता व्यवस्थापन, भागबन्डा, मन्त्री हेरफेर र राजनीतिक समीकरणमै अल्झिरहने हो भने जनताको विश्वास गुम्न धेरै समय लाग्दैन ।

## सन्दर्भ : विश्व हात्ती दिवस

# हात्ती बचाउने हो भने उसको बाटो पनि बचाउनुपर्छ



◆ खगेन्द्र कार्की

आज विश्व हात्ती दिवस । विश्वभर हात्तीको संरक्षण, उनीहरूको बासस्थानको सुरक्षा र मानिस तथा हात्तीबीच सहअस्तित्वको खोजी गर्ने दिन । नेपालका लागि भने यो दिवस केवल हात्तीप्रति सद्भाव व्यक्त गर्ने अवसर होइन, हाम्रो संरक्षण नीति, विकासको ढाँचा र मानव(वन्यजन्तु सम्बन्धलाई पुनर्विचार गर्ने दिन पनि हो ।

नेपालमा हात्तीको संख्या धेरै छैन । सन् २०२५ मा सार्वजनिक गरिएको हात्ती संरक्षण कार्ययोजना २०२५(२०३५ अनुसार नेपालमा करिब २३० वटा जंगली हात्ती रहेको अनुमान छ । ती पूर्वमा झापादेखि चितवनसम्म र पश्चिममा कपिलवस्तुदेखि कञ्चनपुरसम्मका दुई मुख्य उपसमूहमा रहेका छन् । करिब १५० वटा हात्ती नेपाल र भारतबीच नियमित आवतजावत गर्छन् । नेपालमा करिब १८० वटा घरपालुवा हात्ती पनि रहेको कार्ययोजनाले उल्लेख गरेको छ ।

२३० जति जंगली हात्ती भएको देशमा एउटा हात्तीको महत्व कति ठूलो हुन्छ भन्ने हामीले बुझ्नुपर्ने बेला आएको छ । तर विडम्बना के छ भने हामी हात्तीलाई संरक्षण गर्नुपर्छ पनि भन्छौँ र उसले हिँड्ने बाटोमा बस्ती, सडक, खेती र अन्य संरचना पनि विस्तार गरिरहेका छौँ । यही विरोधाभास आजको सबैभन्दा ठूलो चुनौती हो ।

**जंगल मात्रै पर्याप्त छैन**

हात्ती कुनै एउटा जंगलभित्र सीमित भएर बस्ने वन्यजन्तु होइन । खाना, पानी, प्रजनन र सुरक्षित बासस्थानका लागि उसलाई ठूलो भूभाग आवश्यक पर्छ । एउटा पुस्ताले प्रयोग गरेको बाटो अर्को पुस्ताले पनि प्रयोग गर्ने भएकाले हात्तीका प्राकृतिक आवागमन मार्ग अर्थात् करिडोर उनीहरूको जीवनचक्रकै हिस्सा हुन् ।

नेपालको हात्ती संरक्षण कार्ययोजनाले पनि यही विषयलाई प्रमुख चुनौतीका रूपमा औँल्याएको छ । तराई र चुरे क्षेत्रमा करिब २० हजार वर्ग किलोमिटर वन क्षेत्र रहे पनि त्यसको ठूलो हिस्सा खण्डित छ । कार्ययोजनाअनुसार हात्तीको अस्तित्वका लागि पारिस्थितिक रूपमा उपयुक्त वन क्षेत्र करिब १२ हजार वर्ग किलोमिटर मात्रै रहेको र त्यसको करिब आधा संरक्षित क्षेत्रबाहिर रहेको छ । सन् १९३० देखि २०२० सम्म हात्तीको बासस्थान वार्षिक औसत ०.२७ प्रतिशतका दरले घटेको तथ्यांकले हाम्रो विकासको मूल्य पनि देखाउँछ ।

त्यसैले 'जंगल जोगायौं, हात्ती जोगियो' भन्ने सोच अब पर्याप्त छैन । जंगललाई जोड्ने बाटो जोगाउनुपर्छ । हात्तीका परम्परागत करिडोर सुरक्षित राख्नुपर्छ । सडक, रेल, नहर, बस्ती र अन्य पूर्वाधार निर्माण गर्दा वन्यजन्तुको आवागमनलाई विकास योजनाको केन्द्रमै राख्नुपर्छ ।

**तथ्यांकले बोलिरहेको त्रास**

मानव-हात्ती द्वन्द्व नेपालका लागि कति गम्भीर समस्या हो भन्ने तथ्यांक हेरे पुग्छ । सन् २००० देखि २०२० जुनसम्म नेपालका तराई र चुरे क्षेत्रमा अभिलेख गरिएका हात्ती आक्रमणका ४१२ घटनामा २७४ जनाको मृत्यु र १३८ जना घाइते भएका थिए । अध्ययनअनुसार करिब आधा घटना घर वा बस्ती आसपास भएका थिए भने करिब एक चौथाइ घटना मानिसले हात्तीलाई धपाउने क्रममा भएका थिए ।

यसको अर्थ हात्ती मानिसको बस्तीमा आउँदा उत्पन्न हुने जोखिम मात्रै होइन, मानिसले हात्तीलाई धपाउन खोज्दा पनि ठूलो दुर्घटना हुन सक्छ । त्यसैले 'हात्ती आयो, लखेटौँ' भन्ने परम्परागत प्रतिक्रिया आफैँमा जोखिमपूर्ण छ ।

अझ गम्भीर तथ्य के छ भने अभिलेख गरिएका मानवीय आक्रमणमध्ये ८५ प्रतिशतभन्दा बढी घटनामा एक्ला वयस्क भाले वा किशोर भाले हात्ती संलग्न थिए । अध्ययनले घरमै सुतिरहेका, काम गरिरहेका, जंगलबाट दाउरा ल्याइरहेका वा बाली कुरिरहेका मानिससमेत हात्तीको आक्रमणमा परेको देखाएको छ ।

मानव-हात्ती द्वन्द्वलाई केवल 'उपद्रवी हात्ती नियन्त्रण'को समस्याका रूपमा हेर्नु गलत हुनेछ भन्ने पनि स्पष्ट पार्दछ ।

**झापाको पीडा राष्ट्रिय प्रश्न हो**

पूर्वी नेपालमा झापा मानव-हात्ती द्वन्द्वको सबैभन्दा संवेदनशील क्षेत्रमध्ये एक हो । डिभिजन वन कार्यालय झापाको तथ्यांकअनुसार पछिल्लो डेढ दशकमा हात्तीको आक्रमणबाट ७२ जनाको मृत्यु र ९२ जना घाइते भएका छन् । यही अवधिमा २५ वटा हात्ती पनि मरेका छन् ।

झापाको पीडा केवल मृत्युको तथ्यांकमा सीमित छैन । घर भत्किएका छन्, अन्नबाली नष्ट भएका छन्, किसानको वर्षभरको मेहनत एक रातमै समाप्त भएको छ । हात्ती र मानिस दुवै डरमा बाँचिरहेका छन् ।

तर यही झापामा हात्ती संरक्षणका लागि ६५ किलोमिटरभन्दा बढी विद्युतीय बार निर्माण गरिएको हात्ती संरक्षण कार्ययोजनाले उल्लेख गरेको छ । जीपीएस कलर, समुदायमा आधारित प्रतिकार्य टोली, प्रारम्भिक चेतावनी र अन्य उपाय पनि प्रयोग हुँदै आएका छन् ।

**मानिसको ज्यान र हात्तीको जीवनबीच रोजाइ होइन**

हात्ती संरक्षणको कुरा गर्दा स्थानीय नागरिकको पीडा बिर्सन मिल्दैन । हात्तीले घर भत्काएको, बाली नष्ट गरेको वा परिवारको सदस्यको ज्यान लिएको मानिसलाई 'हात्ती जोगाउनुपर्छ' भनेर मात्र सम्झाउन सकिँदैन ।

त्यसैगरी, मानिसको क्षतिको नाममा हात्ती मारिनु पनि समाधान होइन ।

मानव र हात्तीबीचको द्वन्द्वमा दुवै पक्ष पीडित छन् । हात्ती पनि करेन्ट लागेर, विष खाएर, पासोमा परेर वा प्रतिशोधमा मारिन्छ । त्यसैले संरक्षणको वास्तविक अर्थ कुनै एक पक्षलाई जिताउनु होइन; दुवै पक्ष सुरक्षित हुने अवस्था सिर्जना गर्नु हो ।

यसका लागि क्षतिपूर्ति प्रणाली छिटो र सहज हुनुपर्छ । बाली नष्ट भएपछि महिनौं कुर्नुपर्ने अवस्था रह्यो भने स्थानीय नागरिकमा संरक्षणप्रति असन्तुष्टि बढ्छ । जोखिममा रहेका बस्तीका लागि बीमा, वैकल्पिक जीविकोपार्जन र सुरक्षित पूर्वसूचना प्रणालीलाई संरक्षणकै अंग बनाउनुपर्छ ।

**करिडोर संरक्षण अब कागजमा होइन, जमिनमा**

नेपाल सरकारले सन् २०२५-२०३५ का लागि दसवर्षे हात्ती संरक्षण कार्ययोजना अघि सारेको छ । यसको मुख्य उद्देश्य हात्तीको विद्यमान बासस्थान जोगाउने, महत्वपूर्ण करिडोर र वन क्षेत्र सुरक्षित गर्ने, मानव-हात्ती द्वन्द्व घटाउने, प्रतिशोधमा हुने हात्ती हत्या न्यूनीकरण गर्ने र मानिस तथा हात्तीबीच सहअस्तित्व कायम गर्नु हो । योजनाका लागि दस वर्षमा करिब ४ अर्ब ५८ करोड १८ लाख रुपैयाँको संकेतात्मक बजेट प्रस्ताव गरिएको छ ।

यो ठूलो प्रतिबद्धता हो । तर संरक्षणको सफलता बजेटको आकारले होइन, त्यसको परिणामले मापन हुन्छ ।

सबैभन्दा पहिले नेपालले हात्तीका महत्वपूर्ण करिडोरको वैज्ञानिक नक्सांकन गर्नुपर्छ । त्यसपछि ती क्षेत्रमा अनियन्त्रित बस्ती विस्तार रोक्नुपर्छ । सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा वन्यजन्तुमैत्री संरचना अनिवार्य गर्नुपर्छ । भारतसँग जोडिएका सीमापारि करिडोरको संरक्षणका लागि द्विपक्षीय सहकार्य आवश्यक छ, किनकि नेपालमा आउने करिब १५० हात्तीलाई नेपाल-भारत सीमा थाहा हुँदैन । हात्तीका लागि सीमा कागजमा हुन्छ, जंगलमा हुँदैन ।

**प्रविधि र समुदायलाई सँगसँगै लैजानुपर्छ**

हात्तीको गतिविधि पहिचान गर्ने जीपीएस प्रविधि, क्यामेरा, ड्रोन, मोबाइल सूचना प्रणाली र स्थानीयस्तरको पूर्वसूचना प्रणालीलाई अझ प्रभावकारी बनाउन सकिन्छ । हात्ती बस्तीमा प्रवेश गर्नुअघि सूचना पुग्यो भने धेरै मानवीय क्षति रोक्न सकिन्छ ।

तर प्रविधिले मात्र समस्या समाधान गर्दैन । हात्तीको सबैभन्दा नजिक बस्ने समुदायलाई संरक्षणको साझेदार बनाउनुपर्छ । स्थानीय युवालाई 'एलिफेन्ट रेस्पोन्स टिम'मा जोड्न सकिन्छ । उनीहरूलाई सुरक्षित रूपमा हात्तीको गतिविधि पहिचान, सूचना सम्प्रेषण र जोखिम व्यवस्थापनको तालिम दिन सकिन्छ ।

स्थानीय नागरिकलाई संरक्षणको भार मात्रै दिने होइन, संरक्षणबाट लाभ पनि दिनुपर्छ । पर्यटन, सामुदायिक वन, रोजगारी र वैकल्पिक आयआर्जनसँग हात्ती संरक्षण जोड्न सके स्थानीय समुदाय हात्तीका विरोधी होइन, संरक्षक बन्न सक्छन् ।

**विकासको नयाँ परिभाषा आवश्यक छ**

हामीले विकासलाई सडक, पुल, उद्योग र बस्तीको विस्तारसँग मात्र जोड्यौँ भने वन्यजन्तुको भविष्य झन् संकटमा पर्छ । अब विकासको अर्थ मानिसका लागि सुरक्षित पूर्वाधारसँगै वन्यजन्तुका लागि सुरक्षित मार्ग पनि हुनुपर्छ ।

एउटा सडक निर्माण गर्दा हात्तीको बाटो काटिन्छ भने त्यहाँ अन्डरपास वा ओभरपासको सम्भावना अध्ययन गर्नुपर्छ । एउटा नहर निर्माण गर्दा वन्यजन्तु आवागमन अव रुद्ध हुन्छ भने त्यसको विकल्प खोज्नुपर्छ । बस्ती विस्तार गर्दा हात्तीको परम्परागत मार्गमा घर बनाउन नदिने स्पष्ट भूमि उपयोग नीति आवश्यक छ । यो हात्तीका लागि मात्रै होइन, अन्ततः मानिसकै सुरक्षाका लागि हो । अब हात्तीलाई 'समस्या' होइन, संकेतका रूपमा हेरौँ

हात्ती बस्तीमा आउँदा हामी उसलाई 'समस्या' भन्छौँ । तर अर्को कोणबाट हेर्दा हात्ती हाम्रो विकास मोडेलले सिर्जना गरेको समस्याको संकेत बोकेर आएको पनि हुन सक्छ ।

उसको जंगल घटेको छ । उसको बाटो खुम्चिएको छ । खानेकुरा र पानीको स्रोत परिवर्तन भएको छ । त्यसैले ऊ मानिसको खेत र बस्तीमा आइपुगेको हो । हात्तीले हाम्रो घरमा पाइला राख्नु अघि हामीले उसको घरमा पाइला राखिसकेका हुन्छौँ ।

यसकारण आज विश्व हात्ती दिवसमा हामीले हात्तीप्रति दया देखाउनेभन्दा ठूलो प्रतिबद्धता गर्नुपर्छ-हात्तीको बाटो नछेक्ने विकास गर्ने ।

नेपालमा जंगली हात्तीको संख्या करिब २३० मात्रै छ । यसको अर्थ प्रत्येक एउटा हात्ती हाम्रो जैविक सम्पदाको अत्यन्त महत्वपूर्ण हिस्सा हो । सानो र खण्डित जनसंख्या भएकाले आनुवंशिक विविधता र दीर्घकालीन अस्तित्वको जोखिमसमेत रहेको संरक्षण कार्ययोजनाले औँल्याएको छ ।

त्यसैले हात्ती संरक्षणको प्रश्न आजको होइन, आगामी पुस्ताको प्रश्न हो ।

आज हामीले एउटा करिडोर बचायौँ भने भोलि एउटा हात्ती मात्र होइन, एउटा सम्पूर्ण पारिस्थितिक प्रणाली बचाउन सक्छौँ । एउटा बस्तीलाई सुरक्षित बनायौँ भने एउटा परिवारको ज्यान जोगाउन सक्छौँ । एउटा हात्तीलाई प्रतिशोधबाट बचायौँ भने प्रकृतिको एउटा महत्वपूर्ण कडी जोगाउन सक्छौँ ।

विश्व हात्ती दिवसको साँचो अर्थ यही हुनेछ-जंगल जोगाउने, करिडोर जोगाउने, मानिस जोगाउने र हात्ती पनि जोगाउने ।


हात्ती संरक्षणको भविष्य जंगलभित्र मात्र तय हुँदैन । त्यो हाम्रो गाउँ, सहर, सडक, खेत, नीति र विकासको प्रत्येक निर्णयमा तय हुन्छ ।

'हात्तीलाई कसरी रोक्ने ?' भन्दा पनि मानिस र हात्ती दुवै सुरक्षित हुने गरी हामीले आफ्नो विकासको बाटो कसरी बनाउने ?

त्यो प्रकारको दीर्घकालिन सोचको विकास कहिले गर्ने र सबै सुरक्षित हुने भन्ने हुन आवश्यक देखिन्छ ।

# केटोजेनिक आहार किन लोकप्रिय छ ?

अशेष अधिकारी, झापा




आजकल तौल घटाउने, मधुमेह नियन्त्रण गर्ने र ऊर्जा बढाउने उपायको कुरा गर्दा सबैभन्दा धेरै सुनिने नाममध्ये एउटा हो केटोजेनिक आहार, जसलाई छोटकरीमा केटो आहार पनि भनिन्छ । कतिपय मानिस यसलाई चमत्कारी मान्छन् भने केहीले यसको आलोचना पनि गर्छन् । आखिर यो के हो ? किन यसले यति धेरै चर्चा पाएको छ ? र सबैका लागि उपयुक्त हुन्छ कि हुँदैन ?

सबैभन्दा पहिले एउटा कुरा बुझ्नुपर्छ । हाम्रो शरीरलाई चलाउन इन्धन चाहिन्छ । सामान्य अवस्थामा त्यो इन्धन कार्बोहाइड्रेट हुन्छ । हामीले भात, रोटी, आलु, चिनी, मिठाई वा अन्य कार्बोहाइड्रेटयुक्त खानेकुरा खाँदा शरीरले त्यसलाई ग्लुकोज मा बदल्छ । यही ग्लुकोज शरीर र मस्तिष्कको मुख्य ऊर्जा स्रोत बन्छ ।

**तर केटोजेनिक आहारमा भने यो नियम उल्टिन्छ ।**

यसमा कार्बोहाइड्रेटको मात्रा निकै कम गरिन्छ, प्रायः दैनिक खानाको सानो भाग मात्र । त्यसपछि शरीरसँग ग्लुकोजको पर्याप्त स्रोत रहँदैन । यस्तो अवस्थामा शरीरले अर्को उपाय खोज्छ । उसले शरीरमा जम्मा भएको बोसो र खानाबाट प्राप्त चिल्लो पदार्थलाई ऊर्जा बनाउन सुरु गर्छ । यही प्रक्रियामा कलेजोले केटोन नामका पदार्थ बनाउँछ । जब शरीरको मुख्य ऊर्जा ग्लुकोजबाट होइन, केटोनबाट आउन थाल्छ, त्यस अवस्थालाई केटोसिस भनिन्छ ।

यसैले केटोजेनिक आहारको मुख्य उद्देश्य शरीरलाई ग्लुकोज जलाउने अवस्थाबाट बोसो जलाउने अवस्थामा पुर्याउनु हो ।

यस आहारमा के खाने त ?

यसमा चिल्लो पदार्थ पर्याप्त मात्रामा खाने गरिन्छ । अण्डा, माछा, मासु, घ्यू, मक्खन, चीज, बदाम, ओखर, नरिवल, एभोकाडो र जैतुनको तेलजस्ता खानेकुरा धेरै प्रयोग गरिन्छ । हरियो सागसब्जी पनि खान सकिन्छ, तर काबीहाइड्रेट धेरै हुने तरकारी र फलफूल सीमित गरिन्छ ।

अर्कोतर्फ, भात, रोटी, चाउचाउ, आलु, मकै, चिनी, मिठाई, चिसो पेय, बिस्कुट, केक र धेरैजसो मैदाका परिकार यस आहारमा कम वा बन्द गरिन्छ ।

यही कारणले नेपालजस्तो देशमा, जहाँ अधिकांश मानिसको मुख्य खाना भात हो, केटोजेनिक आहार अपनाउन सुरुमा केही कठिन लाग्न सक्छ ।

**धेरै मानिसले सोध्ने प्रश्न सबैभन्दा धेरै यसले तौल किन घटाउँछ ? भन्ने रहेको छ ।**

जब शरीरले बोसो नै इन्धनको रूपमा प्रयोग गर्न थाल्छ, शरीरमा जम्मा भएको बोसो पनि विस्तारै प्रयोग हुन सक्छ । साथै, चिल्लो र प्रोटिनयुक्त खानाले पेट लामो समयसम्म भरिएको अनुभव गराउँछ । त्यसैले बारम्बार भोक कम लाग्न सक्छ र अनावश्यक खाने बानी पनि घट्न सक्छ । यही कारणले धेरै मानिसको तौल घट्न मद्दत पुगेको देखिन्छ ।

तर केटोजेनिक आहार केवल तौल घटाउन मात्र होइन, केही अन्य अवस्थामा पनि प्रयोग गरिएको छ ।

सुरुमा यो आहार विशेष गरी मिर्गी रोग भएका केही बालबालिकाको उपचारमा प्रयोग गरिएको थियो । पछि यसबारे धेरै अनुसन्धान हुन थाले र मधुमेह, मोटोपना तथा अन्य केही स्वास्थ्य अवस्थासँग यसको सम्बन्धबारे पनि अध्ययन गरियो । यद्यपि सबै क्षेत्रमा यसको प्रभाव समान हुन्छ भन्ने प्रमाण भने अझै पूर्ण रूपमा स्थापित भइसकेको छैन ।

**तर यसको अर्को पाटो पनि छ ।**

केटोजेनिक आहार सुरु गरेको केही दिनभित्र धेरै मानिसले टाउको दुख्ने, थकान हुने, चक्कर लाग्ने, कमजोरी महसुस हुने, ध्यान केन्द्रित गर्न गाह्रो हुने वा चिडचिडापन अनुभव गर्न सक्छन् । यसलाई सामान्य भाषामा 'केटो फ्लु' भनिन्छ । यो कुनै सङ्क्रामक रोग होइन । शरीर नयाँ ऊर्जा प्रणालीमा अभ्यस्त हुँदै गर्दा देखिने अस्थायी अवस्था हो । धेरैजसो मानिसमा केही दिनपछि यी लक्षण कम हुँदै जान्छन् ।

यदि आहार राम्रोसँग मिलाएर नखाइयो भने शरीरमा केही भिटामिन, खनिज तथा रेसाको कमी पनि हुन सक्छ । त्यसैले केवल चिल्लो धेरै खाने मात्र होइन, पोषणको सन्तुलन पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा के भने यो आहार सबैका लागि उपयुक्त हुँदैन । गर्भवती महिला, स्तनपान गराइरहेका आमा, कलेजो वा मिर्गौलाको गम्भीर समस्या भएका व्यक्ति, अग्न्याशयसम्बन्धी रोग भएका बिरामी तथा केही अन्य स्वास्थ्य अवस्था भएका मानिसले चिकित्सकको सल्लाहबिना यो आहार सुरु गर्नु उचित हुँदैन । मधुमेहको औषधि वा इन्सुलिन प्रयोग गर्ने व्यक्तिले पनि चिकित्सकीय निगरानीबिना केटोजेनिक आहार अपनाउनु जोखिमपूर्ण हुन सक्छ ।

केटोजेनिक आहारबारे एउटा ठूलो भ्रम पनि छ । धेरैले 'चिल्लो धेरै खाएपछि जति पनि खान पाइन्छ' भन्ने सोच बनाउँछन् । वास्तवमा त्यसो होइन । अत्यधिक प्रशोधित मासु, अस्वस्थ चिल्लो पदार्थ वा पोषणहीन खानेकुराले केटो आहारलाई स्वस्थ बनाउँदैन । सही केटो आहार भनेको गुणस्तरीय चिल्लो, पर्याप्त प्रोटिन र पोषक तत्वयुक्त सागसब्जीको सन्तुलित संयोजन हो ।

अन्त्यमा भन्नुपर्दा, केटोजेनिक आहार कुनै जादुई उपाय होइन । यसले केही मानिसलाई राम्रो परिणाम दिन सक्छ भने केहीलाई उपयुक्त नहुन पनि सक्छ । स्वस्थ जीवनको आधार भनेको एउटै आहार होइन, सन्तुलित भोजन, नियमित शारीरिक गतिविधि, पर्याप्त निद्रा र दीर्घकालसम्म पालना गर्न सकिने जीवनशैली हो । यदि केटोजेनिक आहार अपनाउने सोचमा हुनुहुन्छ भने आफ्नो स्वास्थ्य अवस्था बुझेर विशेषज्ञको सल्लाहसहित सुरु गर्नु सबैभन्दा सुरक्षित र बुद्धिमानी निर्णय हुनेछ । ◆◆◆

# यो साता : विपत्ति र दुर्घटना

**साउन २० गते, बुधबार**

अविरल वर्षासँगै देशका विभिन्न स्थानमा बाढी, पहिरो र सडक कटानका घटना भए । विभिन्न जिल्लाका सडकखण्ड प्रभावित भएपछि यातायातमा समस्या देखियो ।

नेपाल प्रहरीले दैनिक रूपमा सार्वजनिक गर्ने सवारी दुर्घटना विवरणमा पनि विभिन्न स्थानमा दुर्घटना भएको जनाइएको थियो ।

**साउन २१ गते, बिहीबार**

ललितपुरको ग्वार्कोमा बस दुर्घटना हुँदा एक जनाको मृत्यु र छ जना घाइते भए ।

वर्षाका कारण विभिन्न सडकखण्डमा पहिरो र सडक अवरोधको जोखिम कायमै रह्यो । नेपाल प्रहरीले दैनिक सवारी दुर्घटनाको विवरणसमेत सार्वजनिक गरेको थियो ।

**साउन २२ गते, शुक्रबार**

वर्षा, पहिरो, सडक कटान तथा सम्भावित बाढीका कारण एक दर्जनभन्दा बढी सडकखण्ड प्रभावित भए । राजमार्ग तथा ग्रामीण सडकमा यातायात अवरुद्ध हुने क्रम बढ्यो ।

नेपाल प्रहरीले साउन २२ गतेको २४ घण्टे सवारी दुर्घटना विवरण सार्वजनिक गरेको थियो ।

**साउन २३ गते, शनिबार**

सिन्धुलीमा बीपी राजमार्गमा हाइस दुर्घटना हुँदा चार जना घाइते भए ।

निरन्तर वर्षाका कारण पहिरो र सडक भासिने समस्या विभिन्न क्षेत्रमा देखियो । नेपाल प्रहरीले सवारी दुर्घटनाको दैनिक विवरण सार्वजनिक गरेको थियो ।

**साउन २४ गते, आइतबार**

तेह्रथुमको लालीगुराँस नगरपालिका-९ काडेमा मध्यपहाडी लोकमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भयो ।

देशका विभिन्न राजमार्गमा वर्षा, पहिरो र सडक कटानका कारण यातायात प्रभावित भयो ।

नेपाल प्रहरीले साउन २४ गतेको २४ घण्टे सवारी दुर्घटना विवरण सार्वजनिक गरेको थियो ।

**साउन २५ गते, सोमबार**

पाल्पाको तिनाउ गाउँपालिका-४ चिउरीडाँडामा पिकअप जिप दुर्घटना हुँदा चालकसहित १० जना घाइते भए ।

सिन्धुलीको फिक्कलमा भएको कार दुर्घटनामा बेपत्ता व्यक्तिको खोजी जारी रह्यो । घटनापछि सडकसमेत प्रभावित भएको थियो ।

तातोपानी भन्सार क्षेत्रमा सुख्खा पहिरो जाँदा सशस्त्र प्रहरीको बीओपीमा क्षति पुगेको विवरण सार्वजनिक भयो ।

वर्षा र पहिरोका कारण बीपी राजमार्गलगायत विभिन्न सडकमा यातायात प्रभावित भयो ।

नेपाल प्रहरीले साउन २५ गतेको २४ घण्टे सवारी दुर्घटनाको विवरणसमेत सार्वजनिक गरेको थियो ।

**साउन २६ गते, मंगलबार**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरस्थित घारखोला जलविद्युत् आयोजनाको विद्युत्गृहमा सुक्खा पहिरो खस्दा बेपत्ता भएका सुरक्षागार्ड मृत फेला परेका छन् । घटनामा विद्युत्गृहमा समेत क्षति पुगेको छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ हिस्तानमा पहिरोको जोखिमका कारण नौ घरपरिवार विस्थापित भएका छन् ।

हुम्लाको अदानचुली गाउँपालिका-४ लौठी खोलामा बोलेरो जिप दुर्घटना हुँदा दुई जना घाइते भएको विवरण आएको छ ।

वर्षा, पहिरो तथा नदी कटानका कारण देशका विभिन्न सात सडकखण्डमा यातायात अवरुद्ध भएको प्रहरीले जनाएको छ । बीपी राजमार्गमा बाढीको जोखिमका कारण राति ६ बजेदेखि बिहान ४ बजेसम्म सवारी सञ्चालन रोक्ने व्यवस्था गरिएको थियो ।

**साताको समग्र अवस्था**

साउन २०-२६ को सातामा विपत्तिको मुख्य स्वर वर्षा, पहिरो, बाढी र सडक अवरोध रह्यो । विशेषगरी मध्यपहाडी तथा पहाडी सडकमा पहिरो खस्दा यातायात पटक-पटक अवरुद्ध भयो । अर्कोतर्फ सवारी दुर्घटनाले पनि मानवीय क्षति बढाएको देखिन्छ । नेपाल प्रहरीले प्रत्येक दिन २४ घण्टे दुर्घटना विवरण सार्वजनिक गरेको तथ्यले पनि यो अवधिमा सडक दुर्घटना निरन्तर रहेको देखाउँछ ।

**कोशी प्रदेश : साउन २०-२६ को विपत्ति तथा दुर्घटना**

**१. साउन २० गते, बुधबार – संखुवासभा**

सिमली खोला तर्ने क्रममा हाइड्रोपावर कर्मचारी बेपत्ता ।

संखुवासभाको खाँदबारी नगरपालिका-७ का २८ वर्षीय स्वागत निरौला सिमली खोला तर्ने क्रममा बेपत्ता भएका थिए । उनी इन्दुवा हाइड्रोपावरमा सुपरभाइजरका रूपमा कार्यरत थिए । साउन २० गते राति खोला तर्ने क्रममा बेपत्ता भएका निरौलाको शव तीन दिनपछि शनिबार फेला परेको थियो ।

**२. साउन २१ गते, बिहीबार – संखुवासभा**

खोलाले बगाएर बेपत्ता भएका हाइड्रोपावर कर्मचारी स्वागत निरौलाको खोजी जारी थियो । मनसुनका कारण खोलानालामा पानीको बहाव बढेको अवस्थामा जोखिमपूर्ण ढंगले खोला तर्दा घटना भएको प्रारम्भिक विवरण थियो । पछि उनको शव फेला परेको हो ।

**३. साउन २२ गते, शुक्रबार – इलाम**

पहिरोका कारण सडक सम्पर्क प्रभावित ।

इलाममा लामो समयदेखि जारी पहिरोका कारण मेची राजमार्ग अवरुद्ध हुँदा इलाम सदरमुकामसहित पाँचथर र ताप्लेजुङको झापासँगको सडक सम्पर्क प्रभावित भएको थियो । पहिरो प्रभावित सडकमा बिरामी, अशक्त तथा ज्येष्ठ नागरिकलाई सुरक्षाकर्मीले स्ट्रेचरमार्फत जोखिमपूर्ण सडक पार गराइरहेका थिए ।

**४. साउन २३ गते, शनिबार – पाँचथर**

रेबिजको जोखिमबाट पशुधनमा क्षति ।

पाँचथरको फाल्गुनन्द गाउँपालिकाका पाँच वडामा फैलिएको रेबिजका कारण तीन साताको अवधिमा ३५ वटा पशु मरेको विवरण सार्वजनिक भएको थियो । कुकुरले टोकेका ५६ पशुमा रेबिजसँग मिल्दोजुल्दो लक्षण देखिएको र संक्रमण फिदिम नगरपालिका तथा हिलिहाङ गाउँपालिकासम्म फैलिएको जनाइएको थियो । सोही अवधिमा पशुचौपायाको सुरक्षाका लागि प्राविधिक टोली परिचालन गरिएको थियो ।

**५. साउन २४ गते, आइतबार – झापा**

मानव-हात्ती द्वन्द्वमा ठूलो मानवीय क्षति ।

झापामा मानव-हात्ती द्वन्द्व गम्भीर समस्याका रूपमा देखिएको छ । पछिल्लो १६ वर्षमा जंगली हात्तीको आक्रमणबाट ८० जनाले ज्यान गुमाएको तथ्यांक सार्वजनिक भएको छ । पछिल्लो एक वर्षमा मात्रै ६ जनाको मृत्यु भएको र पीडितलाई करिब २ करोड रुपैयाँ क्षतिपूर्ति वितरण गरिएको विवरण छ ।

यो तथ्यांकले कोशीमा विपत्ति भन्नाले बाढी-पहिरो मात्र नभई वन्यजन्तुबाट हुने मानवीय क्षति पनि ठूलो चुनौती बनेको देखाउँछ ।

**६. साउन २५ गते, सोमबार – सुनसरी**

देवानगञ्ज घटनाका घाइते उपचारपछि घर फर्किए ।

सुनसरीको देवानगञ्जमा भएको गोलीकाण्डमा घाइते भएका तीन जना उपचारपछि घर फर्किएका थिए । विराट अस्पतालमा शल्यक्रियापछि स्वास्थ्यलाभ गरेका उनीहरूलाई डिस्चार्ज गरिएको हो । घटनामा यसअघि मृत्यु भएका व्यक्तिको परिवारले भने निष्पक्ष छानबिन र क्षतिपूर्तिसहितका माग राख्दै आएको थियो ।

**७. साउन २५ गते, सोमबार – कोशीका विभिन्न जिल्ला**

सवारी दुर्घटनाको जोखिम उच्च ।

कोशी प्रदेशमा सवारी दुर्घटना निरन्तर ठूलो चुनौतीका रूपमा देखिएको छ । गत आर्थिक वर्षमा प्रदेशका १४ जिल्लामा ६ हजार ४१२ वटा सवारी दुर्घटना भएका थिए । ती दुर्घटनामा ४४० जनाको मृत्यु र १० हजार ६८७ जना घाइते भएका थिए । अघिल्लो वर्षको तुलनामा दुर्घटना १४ प्रतिशत र मृत्यु ५ प्रतिशतले बढेको तथ्यांक सार्वजनिक भएको छ ।

**८. साउन २६ गते, मंगलबार – सोलुखुम्बु**

सुत्केरीसहित दुई जनाको हेलिकप्टरबाट उद्धार ।

सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिका-७ की ३८ वर्षीया शारदा बस्नेतलाई प्रसूति जटिलता देखिएपछि नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौंस्थित थापाथली प्रसूति गृह लगिएको थियो । जिल्ला अस्पताल फाप्लुमा बच्चा जन्मिएपछि थप उपचार आवश्यक देखिएपछि उद्धार गरिएको हो । सोही हेलिकप्टरबाट आत्महत्याको प्रयास गरेका २९ वर्षीय पुरुषलाई समेत काठमाडौंस्थित ट्रमा सेन्टर लगिएको थियो । ◆◆◆

# फोनिजको २७ औं स्थापना दिवस, पत्रकार सम्मानित

इटहरी । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को २७ औं स्थापना दिवसको अवसरमा तेह्रथुममा आयोजित विशेष समारोहमा पत्रकार द्वय मनोज कुड्बा र राजकुमार तेयुङ तारेबा सम्मानित हुनुभएको छ । फोनिज जिल्ला कार्यसमिति तेह्रथुमको आयोजनामा सम्पन्न तारा बहादुर कन्दङ्वा फोनिज पत्रकारिता पुरस्कार-२०८३ तथा फोनिज मातृभाषा पत्रकारिता सम्मान अर्पण समारोहमा पत्रकारद्वयलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको हो । कार्यक्रममा पत्रकारिता क्षेत्रमार्फत समाजमा पुऱ्याएको योगदान र मातृभाषाको संरक्षण तथा प्रवर्द्धनमा खेलेको भूमिकाको कदर गर्दै उहाँहरूलाई सम्मान गरिएको जनाइएको छ ।

मातृभाषामा पत्रकारिताको अभ्यासलाई प्रोत्साहन गर्दै स्थानीय भाषा, संस्कृति र समुदायका आवाजलाई सञ्चारमाध्यम मार्फत उजागर गर्न यस्ता सम्मानले थप हौसला प्रदान गर्ने विश्वास व्यक्त गरिएको थियो । कार्यक्रमको सभाध्यक्षता फोनिज तेह्रथुमकी अध्यक्ष बबिता राईले गर्नुभएको थियो भने प्रमुख अतिथिका रूपमा म्याङलुङ नगरपालिकाकी उपप्रमुख जमुना कार्की सुवेदीको उपस्थिति रहेको थियो ।

कार्यक्रममा पत्रकार, सञ्चारकर्मी, जनप्रतिनिधि तथा विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता रहेको थियो । फोनिजको स्थापना दिवसका अवसरमा प्रदान गरिएको उक्त सम्मानले मातृभाषा, पहिचान, संस्कृति र समुदायका मुद्दालाई पत्रकारिता मार्फत उठान गर्ने पत्रकारहरूलाई थप प्रेरणा मिल्ने अपेक्षा गरिएको छ ।

# नुहाउने क्रममा तीन बालबालिका बेपत्ता

दमक/ रौतहटको देवाही गोनाही नगरपालिका-१ करुनियास्थित लालबकैया खोलामा नुहाउनेक्रममा मंगलबार तीन बालबालिका वेपत्ता भएका छन् । दिउँसो करिब २:०० बजे सो खोलामा नुहाउने तथा पौडी खेल्नेक्रममा बेपत्ता भएका बालबालिकाको खोजीकार्य जारी रहे पनि अहिलेसम्म फेला पार्न नसकिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक बसन्त गौतमका अनुसार स्थानीय करमे आलमका छोरा रमतुलाह, हिसी अकतरकी छोरी सबनम खातुन र शेख खुर्सैदकी छोरी रौशन खातुन वेपत्ता भएका हुन् । सबै १० वर्षभन्दा कम उमेरका रहेको बताइएको छ ।

विश्व

# सिरियाली पूर्व राष्ट्रपति बशरलाई मृत्युदण्ड फैसला



एजेन्सी/ सिरियाली अदालतले पूर्वराष्ट्रपति बशर अल(असदलाई मृत्युदण्डको सजाय सुनाएको छ । दालतले मङ्गलवार असदको अनुपस्थितिमा सुनुवाइ गर्दै करिब १४ वर्ष लामो गृहयुद्धका क्रममा भएका अत्याचारमा दोषी ठहर गरेको हो । डिसेम्बर २०२४ मा उनी सत्ताच्युत भएपछि गठन भएको अन्तरिम सरकारअन्तर्गत असद शासनकालमा भएका अपराधका लागि सुनाइएको यो पहिलो ठूलो फैसला हो । अन्तरिम नेतृत्वले ती अपराधमा न्याय र जवाफदेहिता सुनिश्चित गर्ने प्रतिबद्धता जनाउँदै आएको छ । इस्लामवादी नेतृत्वको विद्रोही समूहले तीव्र आक्रमण गर्दै दमास्कसतर्फ अघि बढेपछि असद सिरियाबाट भागेर रुस पुगेका थिए ।

दमास्कसस्थित अदालतका न्यायाधीश फखर अल(दिन अल( आर्यनको इजलासले असदलाई विभिन्न अपराधमा दोषी ठहर गरेको हो । ती अपराधमा पूर्वनियोजित हत्या, एकभन्दा बढी व्यक्तिको जानाजान हत्या, १५ वर्षमुनिका बालबालिकाको हत्या, यातना, यातनाका कारण मृत्यु तथा गैरकानुनी रूपमा पटक(पटक स्वतन्त्रताबाट वञ्चित गर्ने कार्य छन् । अदालतले यीकार्यलाई मानवताविरुद्धको अपराध तथा युद्ध अपराधका रूपमा वर्गीकरण गरेको छ । सिरियाले गत अप्रिलमा असदसहित पूर्वसत्ताका अधिकारीविरुद्ध कानुनी कारबाही अघि बढाएको थियो ।

# षडानन्दमा कफीखेती विस्तार, किसानको आम्दानी बढाउने लक्ष्य



भोजपुर । षडानन्द नगरपालिकाले कफीखेती विस्तार तथा व्यावसायीकरणलाई प्राथमिकता दिएसँगै किसानहरू व्यावसायिक कफीखेतीतर्फ आकर्षित हुन थालेका छन् । नगरपालिकाले कफीलाई आयआर्जन, रोजगारी र ग्रामीण अर्थतन्त्र सुदृढीकरणको आधार बनाउने लक्ष्यसहित चालु आर्थिक वर्षमा रु दुई करोड ८९ लाखको परियोजना सञ्चालन गरेको छ ।

नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरेको 'गरिबी निवारणका लागि प्राङ्गारिक कफीखेती विस्तार तथा व्यावसायीकरण परियोजना' अन्तर्गत कफीखेती विस्तार, उत्पादन वृद्धि र बजारसँग किसानलाई जोड्ने कार्यक्रम अघि बढाएको हो । परियोजनामा नगरपालिकाको रु एक करोड ६५ लाख र किसानको लागत साझेदारी रहेको कृषि विकास शाखाले जनाएको छ ।

नगरप्रमुख सुरेन्द्रकुमार उदासका अनुसार नगर क्षेत्रमा करिब पाँच हजार हेक्टरमा कफीखेती गर्न सकिने सम्भावना छ । कृषि क्षेत्रको व्यावसायीकरण, गरिबी न्यूनीकरण र ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यले गुणस्तरीय तथा प्राङ्गारिक कफी उत्पादनमा जोड दिइएको उनले बताए ।

"नगरको समृद्धिसँगै आयआर्जनमा टेवा पुऱ्याउने लक्ष्यले कफीखेतीमा जोड दिएका हौं," प्रमुख उदासले भने, "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको अध्ययन गर्दा कफीको सम्भावना निकै राम्रो देखिएको छ । त्यसैले किसानलाई प्रोत्साहन गर्दै लगानी बढाएका हौं ।"



कफीखेती विस्तारका लागि नगरपालिकाले किसानलाई कृषि उपकरण, प्राविधिक सहयोग, बिरुवा तथा तालिम उपलब्ध गराउँदै आएको छ । स्थानीय तहबाट प्राप्त सहयोगले किसानलाई व्यावसायिक रूपमा कफीखेती गर्न थप उत्साहित बनाएको छ ।

षडानन्द नगरपालिका(११ झ्याउपोखरीका किसान देवीराम चौलागाईंले परम्परागत खेतीबाट अपेक्षित आम्दानी नभएपछि वैकल्पिक बालीका रूपमा कफीखेती सुरु गरेका हुन् । उनले अहिले करिब १० रोपनी क्षेत्रफलमा अरबिका जातका एक हजार कफीका बोट लगाएका छन् ।

गत वर्षदेखि व्यावसायिक रूपमा कफीखेती विस्तार गरेका चौलागाईंले योजनाबद्ध रूपमा उत्पादन बढाउँदै लैजाने बताए । अन्तर्राष्ट्रिय बजारमा नेपाली कफीको माग राम्रो रहेको जानकारी पाएपछि आफू यस खेतीतर्फ आकर्षित भएको उनको भनाइ छ ।

"कफीखेतीमा सुरुमा मिहिनेत धेरै लाग्छ, तर उत्पादन राम्रो भयो भने आम्दानी पनि राम्रो हुन्छ," उनले भने ।

नगरपालिकाको लगानी र प्राविधिक सहयोगसँगै षडानन्द क्षेत्रमा कफीखेती विस्तार हुन थालेपछि अन्य किसानसमेत यसतर्फ आकर्षित भएका छन् । स्थानीय किसानका अनुसार कृषि उपकरण, बिरुवा, तालिम तथा प्राविधिक सहयोगले व्यावसायिक खेती गर्न सहज भएको छ ।

नगरपालिकाले कफीको उत्पादन मात्र बढाउने नभई किसानलाई बजारसँग जोड्ने, गुणस्तरीय उत्पादनमा जोड दिने र कफीलाई दीर्घकालीन आयआर्जनको स्रोत बनाउने लक्ष्य राखेको जनाएको छ ।

स्थानीय तहको लगानी, प्राविधिक सहयोग र किसानको सक्रियता निरन्तर रहे षडानन्दमा कफीखेती ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार बन्न सक्ने देखिएको छ ।


## जनहितमा जारी सूचना

- बालश्रमको प्रयोग नगरौं । पालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- पालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा पालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।

**अजमल अख्तर मिया**
अध्यक्ष एवम्
**भोक्राहा नरसिंह गाउँपालिका**
चिरौली, सुनसरी



## जनहितमा जारी सूचना

- बालश्रमको प्रयोग नगरौं । पालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- पालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा पालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।

**आश नारायण चौधरी**
अध्यक्ष एवम्
**गढी गाउँपालिका**
चिरौली, सुनसरी


## साप्ताहिक घटनाक्रम

**२०८३ साउन २० गते, बुधबार - ५ अगस्ट २०२६**

◆ एनजीओ/आईएनजीओको तथ्यांक सार्वजनिक : नेपालमा करिब ६० हजार गैरसरकारी संस्था (एनजीओ) र २५० अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) रहेको समाज कल्याण परिषद्ले जानकारी दियो ।

◆ डिजिटल भुक्तानीमा ठूलो कारोबार : असार महिनामा नेसनल पेमेन्ट स्विचअन्तर्गत रिटेल पेमेन्ट स्विचमार्फत १२ खर्ब रुपैयाँभन्दा बढी कारोबार फर्स्यौट भएको तथ्यांक सार्वजनिक भयो ।

◆ सरकारका नियमित कामकारबाही : मन्त्रिपरिषद् बैठक तथा विभिन्न सरकारी निकायका निर्णय र गतिविधि अघि बढे ।

◆ सुरक्षा तथा ट्राफिक सचेतना : काठमाडौं उपत्यकासहित विभिन्न क्षेत्रमा समुदाय-प्रहरी साझेदारीअन्तर्गत ट्राफिक तथा सुरक्षा सचेतनामूलक कार्यक्रम सञ्चालन भए ।

**२०८३ साउन २१ गते, बिहीबार- ६ अगस्ट २०२६**

◆ राप्रपाको प्रदेश सरकारबारे निर्णय : राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रदेश सरकार निर्माणको 'गणितीय खेल'मा सहभागी नहुने निर्णय गरेपछि अध्यक्ष राजेन्द्र लिङ्देनले बागमती प्रदेशका पार्टी सांसदहरूसँग छलफल गरे ।

◆ कुशल भुर्तेल नेपाल टेलिकमको ब्रान्ड एम्बासडर : राष्ट्रिय क्रिकेट टोलीका ओपनर कुशल भुर्तेल नेपाल टेलिकमको ब्रान्ड एम्बासडर नियुक्त भए ।

◆ सर्लाहीमा बाढीको जोखिम : लखन्देही नदीको बाँध भत्किँदा करिब १ हजार ५०० बिघा धानखेत डुबानमा परेको समाचार आयो ।

◆ वितरणमा समस्या : । वितरणमा पहुँचका आधारमा भेदभाव भएको गुनासो सार्वजनिक भयो ।

◆ पूर्वाधार बहस : काठमाडौं उपत्यकामा रत्नपार्क-भक्तपुर मेट्रोरेल तथा चाबहिल-गौशाला दुईतले सुरुङमार्गसम्बन्धी प्रस्ताव/बहस चर्चामा आयो ।

**२०८३ साउन २२ गते, शुक्रबार - ७ अगस्ट २०२६**

◆ प्रधानमन्त्रीलाई प्रत्यक्ष प्रश्नोत्तरमा सहभागी गराउन माग : नेपाली कम्युनिस्ट पार्टीले प्रतिनिधिसभामा प्रधानमन्त्री बालेन्द्र शाहलाई प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा सहभागी गराउन सभामुखबाट रुलिङ हुनुपर्ने माग गऱ्यो ।

◆ सीमा विषयमा संसद्मा बहस : प्रधानमन्त्रीको सीमा सम्बन्धी अभिव्यक्तिलाई लिएर संसद्मा भइरहेको प्रश्नप्रति सत्तारूढ रास्वपाका सांसद सुरेन्द्र चौधरीले आपत्ति जनाए ।

◆ खेलकुद : काठमाडौं खेलमण्डलको टप-१६ ग्रान्ड मास्टर्स स्नूकर प्रतियोगितामा सविन तामाङ र रोहित क्षेत्री फाइनलमा प्रवेश गरे ।

◆ व्यावसायिक गतिविधि : विभिन्न क्षेत्रमा आर्थिक तथा व्यावसायिक गतिविधि जारी रहे ।

**२०८३ साउन २३ गते, शनिबार- ८ अगस्ट २०२६**

◆ शेरबहादुर देउवाको स्वदेश फर्किने मिति परिवर्तन : नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा साउन २६ गते फर्किने भनिएकोमा समय परिवर्तन गरी साउन २८ गते दिउँसो १२:२५ बजे काठमाडौं आउने जानकारी सार्वजनिक भयो ।

◆ मनसुन सक्रिय : देशका विभिन्न भागमा मनसुनी गतिविधि सक्रिय रहँदा वर्षा, बाढी तथा पहिरोको जोखिमबारे सतर्कता अपनाउन आग्रह गरियो ।

◆ विपद् जोखिम : नदी तथा खोलानालामा जलस्तर बढ्ने र पहाडी क्षेत्रमा पहिरोको जोखिम बढेको भन्दै स्थानीय प्रशासन तथा सुरक्षा निकायलाई तयारी अवस्थामा राखिएको थियो ।

**२०८३ साउन २४ गते, आइतबार ( ९ अगस्ट २०२६**

◆ कामिका एकादशी : धार्मिक तथा सांस्कृतिक रूपमा महत्वपूर्ण कामिका एकादशी व्रत मनाइयो ।

◆ मनसुनजन्य जोखिम कायमै : विभिन्न जिल्लामा वर्षा, बाढी र पहिरोको जोखिम कायम रह्यो । स्थानीय प्रशासन तथा सुरक्षा निकायले सम्भावित विपद्का लागि तयारी बढाए ।

◆ वैदेशिक रोजगारी ठगी : क्यानडामा रोजगारी पठाइदिने भन्दै एक व्यक्तिबाट ३७ लाख रुपैयाँ ठगी गरेको आरोपमा काभ्रेका अच्युत दुलाल पक्राउ परे ।

**२०८३ साउन २५ गते, सोमबार - १० अगस्ट २०२६**

◆ नेपाली क्रिकेट टोली घोषणा : अस्ट्रेलियाको नर्दन टेरिटोरीमा हुने टप एन्ड टी-२० सिरिजका लागि अनिलकुमार साहको कप्तानीमा १५ सदस्यीय नेपाली टोली घोषणा भयो । कुशल भुर्तेल पनि टोलीमा समावेश भए । प्रतियोगिता अगस्ट २१ देखि ३० सम्म हुने तय भएको छ ।

◆ राजनीतिक भेटघाट : नयाँ सत्ता समीकरण तथा प्रदेश सरकार गठनका विषयमा विभिन्न दलका नेताबीच छलफल तीव्र भयो ।

◆ विपद् तथा सुरक्षा : मनसुन सक्रिय रहेकाले देशका विभिन्न क्षेत्रमा वर्षा, बाढी र पहिरोसम्बन्धी जोखिमको निगरानी जारी रह्यो ।

**२०८३ साउन २६ गते, मंगलबार - ११ अगस्ट २०२६**

**यो अवधिको सबैभन्दा धेरै राजनीतिक तथा प्रशासनिक घटनाक्रम भएको दिनमध्ये एक रह्यो ।**

◆ चार जनालाई शहीद घोषणा : सरकारले सुनसरीको देवानगञ्ज र सिरहाका घटनामा ज्यान गुमाएका ओमप्रकाश मेहता, जयप्रकाश मेहता, रवीन्द्र मेहता र गणेश यादवलाई शहीद घोषणा गर्ने निर्णय गऱ्यो ।

◆ कोशीमा सत्ता समीकरण परिवर्तनको आधार : एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच प्रदेश सरकारमा मन्त्रालय बाँडफाँट गर्न प्रदेशसभामा दलहरूको सिट संख्यालाई आधार बनाउने पाँचबुँदे मापदण्ड तय गरियो ।

◆ स्मार्ट सेल प्रकरण : सीआईबीले स्मार्ट सेल प्रकरणमा २२ प्रतिवादी र ९६ अर्ब रुपैयाँ बिगो दाबी गर्नुपर्ने रायसहितको प्रतिवेदन तयार गरेको समाचार सार्वजनिक भयो ।

◆ विद्युतीय एम्बुलेन्समा कर छुट : विद्युतीय एम्बुलेन्स र शववाहनमा स्वच्छ पूर्वाधार लगानी शुल्क तथा भ्याट हटाउने निर्णय गरियो ।

◆ सरकारका पाँच प्रमुख निर्णय : मन्त्रिपरिषद्ले विभिन्न प्रशासनिक तथा नीतिगत निर्णय गरेको सार्वजनिक गरियो ।

◆ जुवाखालमा प्रहरी सईसहित १६ पक्राउ : प्रहरीले जुवाखालबाट एक प्रहरी सहायक निरीक्षकसहित १६ जनालाई पक्राउ गऱ्यो ।

◆ पर्सामा गाँजा बरामद : पर्सामा १०५ किलो गाँजासहित भारतीय नागरिक पक्राउ परे ।

◆ रौतहटमा तीन बालबालिका बेपत्ता : नदीमा नुहाउन गएका तीन बालबालिका बेपत्ता भएको घटना सार्वजनिक भयो ।

◆ इलाममा भ्रष्टाचार मुद्दा : चुलाचुलीका लेखा अधिकृत र इन्जिनियरविरुद्ध भ्रष्टाचार मुद्दा दायर भयो ।

◆ ठगी नियन्त्रण : जापान पठाइदिने भन्दै ११५ जनाबाट करिब ३ करोड रुपैयाँ ठगी गरेको घटना सार्वजनिक भयो ।

◆ बाजुरामा महिला तथा बालबालिका हिंसा : तीन वर्षमा १४४ घटना भएको तथ्यांक सार्वजनिक भयो ।

◆ अभावबारे संसद्मा आवाज : ।को सहज र नियमित आपूर्ति सुनिश्चित गर्न सरकारसँग माग गरियो ।

◆ एन्टी साइबर स्क्याम सेन्टर : सरकारले साइबर ठगी नियन्त्रणका लागि 'एन्टी साइबर स्क्याम सेन्टर' स्थापना गर्ने तयारी अघि बढाएको जानकारी दिइयो ।

◆ नयाँ यातायात ऐनको तयारी : सवारी व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन जीपीएस र सीसीटीभी अनिवार्य गर्ने प्रावधानसहित नयाँ यातायात व्यवस्था ऐन ल्याउने तयारीबारे जानकारी दिइयो ।

◆ प्रतिनिधिसभा बैठक स्थगित : गणपूरक संख्या नपुगेपछि प्रतिनिधिसभाको बैठक स्थगित भयो ।

◆ ब्रोड पिक आरोहीका शव नेपाल ल्याइए : ब्रोड पिक आरोहणका क्रममा ज्यान गुमाएका तीन नेपाली आरोही-किलु शेर्पा, निमा शेर्पा र ग्यालु शेर्पाका शव नेपाल ल्याइए ।

◆ क्रिकेटमा नेतृत्व परिवर्तन : नेपाली क्रिकेटमा रोहित पौडेललाई कप्तानीबाट हटाइएको विषय चर्चामा रह्यो र क्यानले उनको योगदानप्रति सम्मान व्यक्त गऱ्यो ।

# साताको स्वर : सात दिन, पाँच प्रमुख आवाज

**साउन २० देखि २६ गतेसम्मका प्रमुख राष्ट्रिय बहस, निर्णय र घटनाक्रमलाई प्रतिनिधित्व गर्ने पाँच आवाज**



१. गौरीकुमारी यादव - उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री

**"एक साताभित्र ग्यास आपूर्ति सहज हुन्छ"**

एलपी ग्यासको अभावले उपभोक्ता लामो समयदेखि प्रभावित भइरहेका बेला उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले एक साताभित्र आपूर्ति सहज हुने दाबी गरिन् । उनले ग्यासको आयात, ढुवानी र वितरणलाई पारदर्शी बनाउन अनलाइन ट्र्याकिङ प्रणाली निर्माण गर्न लागिएको बताइन् । मन्त्रालयले तत्कालका लागि ग्यासको विवरण गुगल फारममार्फत संकलन तथा सार्वजनिक गर्न थालेको छ । पछिल्लो समय विभिन्न जिल्लामा ग्यास लुकाउने, कम तौलमा बिक्री गर्ने र बढी मूल्य असुल्ने घटना सार्वजनिक भएपछि अनुगमन पनि तीव्र पारिएको छ । सरकारले आपूर्ति पर्याप्त रहेको दाबी गरे पनि उपभोक्ताले सहज रूपमा सिलिन्डर नपाउने अवस्था कायमै रहेकाले सरकारी दाबी र बजारको वास्तविकताबीचको अन्तर बहसको विषय बनेको छ ।



२. शेरबहादुर देउवा - नेपाली कांग्रेसका निवर्तमान सभापति

**'देउवाको स्वागतमा सुदूरपश्चिमबाट काठमाडौं ओइरिए कार्यकर्ता'**

करिब एक वर्षपछि सार्वजनिक कार्यक्रममा सहभागी हुन काठमाडौं फर्किने तयारीमा रहेका नेपाली कांग्रेसका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको स्वागतका लागि सुदूरपश्चिमबाट कांग्रेस नेता(कार्यकर्ता काठमाडौं आए । धनगढीबाट विमानमार्फत ठूलो संख्यामा नेता(कार्यकर्ता काठमाडौं आएका हुन् । विमानस्थलमा उनीहरूले देउवाको पक्षमा नारासमेत लगाएका थिए । सुदूरपश्चिमका विभिन्न जिल्लाबाट नेता(कार्यकर्ता काठमाडौं आउने क्रम बढेको कांग्रेस नेताहरूले बताएका छन् । देउवाको स्वागतमा देखिएको यो सक्रियतालाई कांग्रेसभित्र उनको राजनीतिक प्रभाव र सुदूरपश्चिमसँगको सम्बन्धका रूपमा पनि हेरिएको छ ।



३. रवि लामिछाने - राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति

**'युवा नेतृत्व आउनुमात्र उपलब्धि होइन, परिणाम दिनुपर्छ'**

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा रास्वपा सभापति रवि लामिछानेले युवा नेतृत्व सरकारमा आउनुमात्र परिवर्तनको उपलब्धि नहुने बताएका छन् । सरकारको नेतृत्वमा आएको चार महिना बितिसक्दा पनि नागरिकका आवाज उस्तै रहेको भन्दै उनले परिणाम देखाउनुपर्नेमा जोड दिए । माइतीघरमा अझै नागरिकको भीड देखिनु चिन्ताको विषय भएको उनको भनाइ थियो । युवा सांसद तथा मन्त्रीहरूले पदलाई अवसरका रूपमा मात्र नलिएर जिम्मेवारीपूर्वक काम गर्नुपर्ने उनले बताए । अहिलेको पुस्ताले प्राप्त अवसरलाई परिणाममा बदल्न नसके आगामी पुस्ताका युवाले पनि त्यस्तो अवसर नपाउने उनको चेतावनी थियो । उनको अभिव्यक्ति नयाँ राजनीतिक नेतृत्वप्रति बढ्दो अपेक्षा र त्यससँग जोडिएको जवाफदेहिताको बहसमा केन्द्रित रह्यो ।



४. हिक्मतकुमार कार्की - कोशी प्रदेशका मुख्यमन्त्री

**'नयाँ सत्ता समीकरणमा मन्त्रालय बाँडफाँटको गृहकार्य'**

केन्द्रमा सत्ता समीकरण परिवर्तन भएसँगै कोशी प्रदेशमा पनि सरकार पुनर्गठनको तयारी तीव्र भएको छ । मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको प्रदेश सरकारमा नयाँ राजनीतिक सहकार्यका आधारमा सत्ता साझेदारीको गृहकार्य अघि बढेको हो । मन्त्रालय बाँडफाँट प्रदेशसभामा दलहरूले प्राप्त गरेको सिट संख्यालाई मुख्य आधार बनाएर गर्ने तयारी छ । मुख्यमन्त्री र सभामुखको जिम्मेवारीलाई समेत शक्ति सन्तुलनमा गणना गर्ने गरी केन्द्रबाट मापदण्ड तय गरिएको छ । नयाँ गठबन्धनमा सहभागी दलबीच मन्त्रालयको संख्या र जिम्मेवारी टुंग्याउने छलफलसँगै न्यूनतम साझा कार्यक्रम निर्माणको तयारीसमेत भएको छ । यसले प्रदेशमा फेरि सत्ता समीकरण परिवर्तनको प्रक्रिया अघि बढाएको छ ।



५. सस्मित पोखरेल ( सरकारका प्रवक्ता

**'देवानगञ्ज र सिरहाका चार जनालाई शहीद घोषणा'**

सरकारले सुनसरीको देवानगञ्ज र सिरहाका छुट्टाछुट्टै घटनामा ज्यान गुमाएका चार जनालाई शहीद घोषणा गरेको छ । मन्त्रिपरिषद्‌को निर्णयअनुसार सुनसरीका ओमप्रकाश मेहता, जयप्रकाश मेहता, रवीन्द्र मेहता तथा सिरहाका गणेश यादवलाई शहीदको दर्जा दिइएको हो । देवानगञ्जमा दुई समूहबीच भएको झडपका क्रममा सुरक्षाकर्मीको गोली लागेर तीन जनाको मृत्यु भएको थियो भने त्यस घटनाको विरोधमा भएको प्रदर्शनका क्रममा सिरहामा गणेश यादवको मृत्यु भएको थियो । मृतकका परिवारले निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र शहीद घोषणालगायत माग राख्दै आएका थिए । सरकारको पछिल्लो निर्णयपछि उनीहरूको परिवारले उठाउँदै आएको प्रमुख मागमध्ये शहीद घोषणाको विषय सम्बोधन भएको छ ।

# चार जनालाई शहीद घोषणा, कर छुटको निर्णय

इटहरी । सरकारले सुनसरीको देवानगञ्ज र सिरहामा भएका छुट्टाछुट्टै घटनामा ज्यान गुमाएका चार जनालाई शहीद घोषणा गर्दै उनीहरूका परिवारलाई कर छुटलगायत सुविधा उपलब्ध गराउने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले सुनसरीका ओमप्रकाश मेहता, जयप्रकाश मेहता, रवीन्द्र मेहता तथा सिरहाका गणेश यादवलाई शहीद घोषणा गरेको हो ।

सरकारका प्रवक्ता सस्मित पोखरेलका अनुसार मन्त्रिपरिषद्‌को निर्णयसँगै केही साताअघि भएका घटनामा मृत्यु भएका चार जनाले औपचारिक रूपमा शहीदको दर्जा पाएका छन् । सरकारले मृतकका परिवारलाई उपलब्ध गराउने राहत तथा सुविधाअन्तर्गत कर छुटको व्यवस्थासमेत गरेको जनाएको छ ।

सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा साउन १० गते राति दुई समूहबीच भएको झडप नियन्त्रणका क्रममा सुरक्षाकर्मीले चलाएको गोली लागेर ओमप्रकाश मेहताको मृत्यु भएको थियो । गोली लागेर घाइते भएका जयप्रकाश मेहताको पनि उपचारका क्रममा मृत्यु भएको थियो । सोही घटनामा गम्भीर घाइते भएका रवीन्द्र मेहताको काठमाडौंमा उपचारका क्रममा मृत्यु भएको थियो ।

कप्तानगञ्जमा विवाद हिंसात्मक झडपमा परिणत भएपछि सुरक्षाकर्मीले लाठीचार्ज, अश्रु । तथा गोली प्रहार गरेका थिए । घटनामा सर्वसाधारण र सुरक्षाकर्मी घाइते भएका थिए भने स्थानीय प्रशासनले सम्बन्धित क्षेत्रमा कर्फ्यु आदेशसमेत जारी गरेको थियो ।

देवानगञ्ज घटनाको विरोधमा सिरहाको औरही गाउँपालिकामा भएको प्रदर्शनका क्रममा गोली लागेर गणेश यादवको मृत्यु भएको थियो । सरकारले उनलाई पनि शहीद घोषणा गरेको छ ।

रवीन्द्र मेहताको शवको पोस्टमार्टम तथा शहीद घोषणाको विषयमा परिवार र सरकारबीच केही समय सहमति हुन सकेको थिएन । परिवारले घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही, गोलीको परीक्षण तथा शहीद घोषणा गर्न माग गर्दै आएको थियो ।

सरकारको पछिल्लो निर्णयपछि चारै जनालाई औपचारिक रूपमा शहीद घोषणा गरिएको भए पनि घटनामा सुरक्षाकर्मीले गोली चलाउनुपर्ने अवस्था, गोली प्रयोगको वैधानिकता र घटनामा जिम्मेवार पक्षबारे निष्पक्ष छानबिनको माग भने कायमै छ । पीडित परिवार तथा स्थानीयवासीले घटनाको सत्यतथ्य सार्वजनिक गरी दोषीमाथि कारबाही हुनुपर्ने माग गर्दै आएका छन् ।

## इटहरी उपमहानगरपालिकाको अनुरोध


- बालश्रमको प्रयोग नगरौं । उपमहानगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- नगरपालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा उपनगरपालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जतातत‍ै फोहरमैला नफालौं ।

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, इटहरी, सुनसरी**

## इतिहासको पानाबाट

### भारतीय हस्तक्षेपको सुत्रपात

# राजा त्रिभुवनलाई भारतमा शरण



क्रमागत......

नेपाल-भारत सम्बन्धलाई प्रभावित पार्ने कठिनाइबाट जोगिने हो भने राजा त्रिभुवनलाई भारत जाने अनुमति प्रदान गर्नुपर्ने अडान राजदूत सिंहको थियो ।

प्रधानमन्त्रीले राजा त्रिभुवनको पारिवारिक जरजुहारतको प्रसंग निकाल्दै उनी भारत जानुपूर्व ती सम्पूर्ण जरजुहारत आफूहरूलाई हस्तान्तरण गर्नुपर्ने आग्रह गरे । राजदूत सिंहले प्रधानमन्त्रीको अनुरोधलाई भारतले स्वीकार गर्न नसक्ने बताए । पहिलो, भारतले नयाँ राजा ज्ञानेन्द्रलाई हालसम्म मान्यता दिएको छैन । दोस्रो, भारतले आफ्ना अति विशिष्ट अतिथि राजासँग त्यस्तो अनुरोध गर्नु नै अपमानजनक मान्ने जानकारी दियो ।

राजदूत सिंहले नेहरूको निर्देशनबमोजिम भारतले नेपालसँग राम्रो सम्बन्ध कायम राखिरहने कामना गरिरहेको बखतमा कुनै पनि अपमान सहन नसक्ने बताए । यस मामिलामा नेपालका प्रधानमन्त्रीले भनेका सबै कुराहरूलाई भारतले ध्यानपूर्वक मनन गरिरहेको र त्यसमा भारत सरकारले एउटा निर्णय गरिसकेकाले त्यही निर्णयलाई नेपाल समक्ष दोहोर्‍याइरहने भन्दा अर्को विकल्प नरहेको पनि बताए । नेपाल-भारत सम्बन्धलाई प्रभावित पार्ने कठिनाइबाट जोगिने हो भने राजा त्रिभुवनलाई भारत जाने अनुमति प्रदान गर्नुपर्ने अडान राजदूत सिंहको थियो ।

प्रधानमन्त्री र उनका भाइभारदारबीच अनेक मतभेद हुँदाहुँदै पनि अन्ततः उनीहरू राजा त्रिभुवनलाई सपरिवार भारत जानका लागि अनुमति दिनेमा सहमत भए । तर प्रधानमन्त्री मोहनशमशेरले हार्दिकतापूर्वक र ाजदूत समक्ष दुईवटा कुरा जाहेर गरे-

पहिलो, भारत सरकारसमक्ष नेपाल सरकारले आफ्नो पक्ष राख्न भारत सरकारले अवसर दिनुपर्ने आग्रहमा राजदूतले सहमति जताए । दोस्रो, नयाँ राजालाई मान्यता दिने-नदिनेसम्बन्धी भारतको निर्णयलाई नेपालको पक्ष नसुनेसम्म भारत सरकारले यथा अवस्थामा रोकेर राख्नुपर्ने आग्रह गरे । जसका बारेमा भारत सरकारलाई विचार गर्न आग्रह गर्नेछु भनी राजदूतले बताए । (नेपालस्थित भारतीय राजदूत सीपीएन सिंहले दिल्लीस्थित आफ्ना प्रधानमन्त्री नेहरूलाई १० नोभेम्बर १९५० मा पठाएको पत्र, स्रोत- भा.रा.अ.)

१० नोभेम्बरका दिन मोहनशमशेर नेतृत्वको राणा सरकारले नेपालमा राजा फेरिएको औपचारिक जानकारी भारत सरकारलाई गराएको थियो । तर त्यतिन्जेलसम्म भारत सरकारले नायक राजालाई मान्यता दिने वा नदिने भन्ने जानकारी सार्वजनिक गरिसकेको थिएन । (दी इन्डियन एक्सप्रेस, ११ नोभेम्बर १९५०)

सन् १९५१ को फेब्रुअरी १५ मा राजा त्रिभुवन दिल्लीबाट काठमाडौं फर्कँदै गर्दा बिदाइ गर्दै भारतका राष्ट्रपति डा. राजेन्द्रप्रसाद, प्रधानमन्त्री जवाहरलाल नेहरू लगायत भारत सरकारका मन्त्रीहरू ।

भारत सरकारले नयाँ नाबालक राजा ज्ञानेन्द्रलाई मान्यता नदिने भन्ने त तय गरिसकेको थियो तर राजा त्रिभुवन भारत नपुग्दासम्म त्यसलाई सार्वजनिक गर्न चाहँदैनथ्यो । भारतले जुनसुकै अवस्थामा भए पनि पहिले राजा त्रिभुवनलाई नेपालबाट भारतमा ल्याउन चाहेको थियो । यसरी नेपालले राजा त्रिभुवनलाई भारत जान अनुमति प्रदान गरेपछि उता भारतीय विदेश मन्त्रालयले सोही दिन एउटा विज्ञप्ति निकालेको थियो । जसमा ११ नोभेम्बर शनिबार दिउँसो नेपालका राजा त्रिभुवन र उनको परिवार दिल्ली आउँदैछन् र उनीहरू दिल्लीमा भारत सरकारको अतिथिका रूपमा रहनेछन् भन्ने उल्लेख थियो । (दी इन्डियन एक्सप्रेस, ११ नोभेम्बर १९५०)

११ नोभेम्बरका दिन भारतीय वायुसेनाका दुईवटा विमान काठमाडौंस्थित गौचर हवाईअड्डामा अवतरण भए । राजा त्रिभुवन र उनको परिवारका सदस्यहरू त्यही विमानमा सवार भएर दिल्लीतर्फ प्रस्थान गर्दै थिए । त्यस दिन हवाईअड्डामा असंख्य मानिसको भीड जम्मा थियो । राजा त्रिभुवनको बिदाइसँगै त्यो दृश्य हेर्नका लागि मानिस त्यहाँ जम्मा भएका थिए । काठमाडौंबाट अपराह्न १२:२३ मा ती दुईवटै विमान दिल्लीका लागि उडे । ती विमान अपराह्न ०३:५७ मा दिल्लीस्थित पालम हवाईअड्डामा अवतरण भए । भारतले नेपालमा गद्दीच्युत भइसकेका पूर्वराजालाई बहालवाला गद्दीनसीन राजाका रूपमा राजकीय व्यवहार गर्‍यो ।

राजा त्रिभुवन हैदराबाद हाउसमा पुग्नासाथ उसले गार्ड अफ अनर प्रदान गर्‍यो र उपचारका लागि स्वनिर्वासनमा दिल्ली पुगेको बाहिरी चर्चामा रहेका राजालाई भारतले गरेको व्यवहार असामान्य रहेको केही अखबारको विश्लेषण थियो । क्रमशः...........